जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको विकास अर्थतन्त्रको आधार

# कृषि जर्नल

## Agriculture Journal

मासिक

कृषि जर्नल २०७८ फागुन (krishijournal–2021, (Feb-March)



दर्ता नं. का.जि.प्र.का.द.नं. १३६/०६२/०६३
जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको अर्थतन्त्रको आधार

# कृषि जर्नल
Agriculture Journal मासिक

काठमाडौं जि.प्र.का.द.नं. १३६/०६२/०६३

वर्ष-१७, अङ्क ९३ फागुन २०७८









१. अनारको पुतलीको एकीकृत खेती व्यवस्थापन ३
२. पाँच किसान संगठनले बुझाए ज्ञापन पत्र ५
३. राज्यको कृषि अनुदान वास्तविक किसानले पाउँदैन ७
४. कृषि मन्त्रालयलाई अनाजले दियो सुझाव ८
५. बी वाई २८ धानको क्षतिपूर्ति नदिए आन्दोलन गर्ने : अध्यक्ष दंगाल ९
५. एमसीसी देशको लागि राष्ट्रघात हो : श्रेष्ठ १०
६. स्ट्रीट फुडको अनुगमन स्थानीय निकायले गर्छ १२
७. खाद्य तथा गुण नियन्त्रण विभागको त्रैमासिक कार्यविवरण १३
८. नेपालबाट कृषि प्रशिक्षार्थी लैजाने इजरायलको प्रतिवद्धता १६
९. भारतमा कृषि जैविक विविधता १७
वानस्पतिक विविधताको संरक्षण तथा कृषकको अधिकार १८
१०. सुकुम्बासीको नाममा हुकुमबासीले पाउँदैन जग्गा धनी पुर्जा २०
११. भूमिहिनलाई भूमिको मालिक बनाउने : मेयर रेनु दाहाल २१
१२. सहकारीको सिद्धान्त अनुरप कार्य गर्न मन्त्री श्रेष्ठको आग्रह २१
१३. रुख कटहर लगाउने तरिका २२
१४. चेत्र ९ देखि १२ सम्म ५औं राष्ट्रिय कृषि मेशीनरी प्रदर्शनी २३
१५. राष्ट्रिय कृषि मेशीनरी प्रदर्शनी सहभागी संघ-संस्थाहरु २४
१६. वितपाते मौरी, तिनको नियन्त्रण तथा व्यवस्थापन २५
१७. व्यवसायिक तरकारी खेति प्रविधि २६
18. FAO supporting the seed sector 28
19. Innovating the beekeeping industry in Palestine 29
20. Young people reconnecting to ancestral food systems 31
21. strawberry farms bring opportunities for rural youth 32
22. Forging new connections through the "tree of life" 33
23. Engineering, irrigation and food on the table 35
24. New opportunities for persons with disabilities 36

व्यक्तिगत मूल्य रु. ५०/-
संस्थागत मूल्य रु. १००/-

**प्रकाशक** : कृषि सूचना तथा सञ्चार प्रविधि प्रकाशन प्रा.लि
**सल्लाहकार** : कृष्ण कोपिला, डा.गिरीराजमणी त्रिपाठी, छविन्द्र कँडेल, **प्रबन्ध निर्देशक** : श्रीबहादुर खड्का
**प्रधान सम्पादक** : धनबहादुर मगर, **सह-सम्पादक** : रितु रुपाखेती, **उप-सम्पादक** : सरस्वती मानन्धर
**मुख्य कार्यालय** : बागबजार २८, कलंकी १४, **फिल्ड कार्यालय** : टौखेल मच्छेगाउँ ९, चन्द्रागिरी नगरपालिका
**फोन** : ०१४२८८७४३, **मोवाईल नं.** ९८४१४४५७५३, **मुद्रण** : प्रिन्ट स्काई, भुरुखेंल, काठमाडौं
**Online** : www.krishijournal.com.np, **इमेल** : krishijournal@yahoo.com

# आर्थिक समृद्धिका लागि कृषिमा लगानी

सम्पादकीय



नेपालमा नयाँ प्रगतिशील संघीय संविधान बनेर त्यसको कार्यान्वयनको चरणमा ३ तहकै चुनावहरु भएर नयाँ सरकार समेत बनिसकेको छ । सरकारको यसपटकको लक्ष्य कसरी हुन्छ आर्थिक समृद्धि हासिल गर्ने, मुलुकको चौतर्फी विकास निर्माण गर्ने आदि छ । तर सरकारले नयाँ संघीय राज्य व्यवस्थामा खर्चको जोहो गर्न नै चुनौती झेल्न थालिसकेको छ । यसैबीच सरकारले कृषि क्षेत्रलाई कम प्राथमिकतामा राखेर काम गर्न थालेको भन्ने खालका समाचार पनि आएको छ । तर आर्थिक समृद्धि चाहने सरकारले मुख्य प्राथमिकतामा राख्नु पर्ने विषय भने कृषि क्षेत्र हो । नेपालले तेल, ग्याँस लगायतमा परनिर्भर हुनु परेपनि कृषि उपजमा आत्मनिर्भर हुनुपर्ने तत्कारो आवश्यकता छ । किनकी अहिले पनि ६५ प्रतिशत नेपाली कृषि क्षेत्रमै निर्भर छन् । अझै पनि नेपालको कुल जनसङख्याको ८६ प्रतिशत मानिस ग्रामीण क्षेत्रमा बसोवास गर्छन् । ग्रामीण क्षेत्रमा बस्ने नेपालीहरुले मुख्यतया निर्वाहमुखी कृषि अंगाल्दै आएका छन ।

नेपालमा उदारीकरणको सुरुवात भएपछी सबैभन्दा मौलाएको क्षेत्र बैंक तथा वित्तिय क्षेत्र भएपनि कृषिमा बैंकहरुको लगानी प्राथमिकता हुन नसक्नु विडम्बनाको विषय देखिन्छ । राष्ट्र बैंकले कृषि र जलविद्युतमा जम्मा लगानीको १५ प्रतिशत अनिवार्य गरेको छ भने कृषि ऋणलाई सहुलियत गरी ६ प्रतिशतसम्मको ब्याजदरमा सिमित गर्न भनेको छ । फलस्वरुप क्रमश कृषिमा लगानी बढ्न थालेको देखिन्छ । अर्कोतर्फ व्यवसायिक प्रकारका कृषिको पनि थालनी बढिरहेका देखिन्छ ।

अहिले राष्ट्र बैंकले बैंकहरुलाई ०७४ असार मसान्तभित्र अनिवार्य रुपमा पूँजीवृद्धि गर्न पूँजीको सिमा तोकेरै निर्देशन दिए पश्चात भने धेरै जसो बैंकहरुले हर्कप्रद शेयर तथा मर्जरको माध्यमबाट पुँजी पुर्‍याएका छन् । युवाहरु मुलुकबाट बाहिरिने दरको वृद्धि र देशमा बैंकिङ्ग संस्थाहरुको वृद्धि लगभग उस्तै प्रकारले भएको देखिन्थ्यो । बैंक वित्तिय संस्थाहरुमा तिनै युवाहरुले पठाउने रेमिट्यान्सले नै महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको स्पष्ट छ । तर रेमिट्यान्स जति मात्रा भित्रिएपनि त्यो पैसा ८०-९० प्रतिशत जसो घरायसी उपभोगमै खर्च हुने गरेको राष्ट्र बैंकको तथ्याङ्क छन् । बैंकिङ संस्थाहरुको जति मात्रामा सङख्यात्मक रुपमा विकास हुँदै गएको छ । त्यतिकै मात्रामा यसले गुणात्मक सेवा सुविधा वृद्धि गर्न पनि सकेको छैन । बैंकहरुले तमाम वर्ग तथा समुदायहरुलाई र क्षेत्रहरुलाई सेवा दिन सकिरहेको छैन । आँकडा अनुसार जम्मा ४० प्रतिशत जनता मात्र बैंकिङ पहुँचमा रहेका छन् । खासगरी सरकारी स्वामित्वका कृषि विकास बैक, राबा बैक बाहेक नेपालका धेरै जसो निजी क्षेत्रका बैंकहरु शहरमूखी छन् ।

यसरी ग्रामीण भेगमा बस्ने ८६ प्रतिशत जनतामा वित्तिय स्रोतको पहुँच हुन नसक्नु नै मुलुक आत्मनिर्भर हुन नसक्नुको प्रमुख कारण देखिन्छ । यो भेगमा बस्ने जनतामा पुग्ने वित्तिय स्रोतको पहुँच र साक्षरताले नै कृषि उत्पादनमा वृद्धि गर्नसक्ने स्पष्ट देखिन्छ । यद्यपी सानो-सानो अंशमा पूँजी निर्माण तथा परिचालन गर्ने कार्यमा सहकारी क्षेत्रले नेपालको कृषि क्षेत्रको विकासमा सघाउ पुर्‍याएको छ । तर अबका दिनमा सरकार र राष्ट्र बैंकले नै अग्रसरता देखाएर कागजमा मिलान गर्ने गरि मात्र नभई वास्तविक रुपमै कृषि क्षेत्रमा बैंकिङ लगानी बढाउन आवश्यक छ ।

समग्रमा सात सय त्रिपन्नवटा पालिकामा बैंकहरु जानै पर्ने वाध्यात्मक अवस्था आएपछि भने विस्तार भएको देखिन्छ । गाँउपालिकाहरुमा गएपनि बैंकहरु लगानी गर्न नचाहनु नै कृषि क्षेत्रलाई उनीहरुले प्राथमिकतामा नराख्नु हो । खासगरी आत्मनिर्भर एवं उत्पादनमूखी अर्थतन्त्रमा नै नेपालका बैंक वित्तिय सस्थाहरुको भविष्य देखिन्छ । नेपालको अर्थतन्त्रमा अहिले पनि ग्रामीण अर्थतन्त्र अर्थात् कृषि क्षेत्रको योगदान ३३ प्रतिशत छ । यो भनेको स्थायी प्रकृतिको योगदान हो । पानीका फोका जसरी क्षणिक वर्षिने रेमिट्यान्सले मात्रै मुलुकलाई सदैव टेवा दिन नसक्ने कुरा बैंकहरुले बुझ्न् जरुरी छ । त्यसकारण वास्तविक रुपमा लगानी गर्नुपर्ने क्षेत्र भनेको कृषि क्षेत्र नै हो । कृषि क्षेत्रको आधुनिक विकास एवं विस्तारले मात्रै मुलुकको उत्पादन अर्थतन्त्रलाई वृद्धि गर्न सक्छ । त्यसो भएपछि राष्ट्रिय स्वाधिनता र राष्ट्रियता आफैमा बलवान् हुन सक्दछ । उत्पादनमा हुने वृद्धिले मात्रै राष्ट्रिय आयमा वृद्धि, रोजगारीमा वृद्धि र निर्यातमुलक गतिविधिमा वृद्धि गराउन सक्दछ । यी समग्र क्षेत्रहरुमा हुने वृद्धिले अन्तत बैंक वित्त सस्थाहरुलाई नै प्रत्यक्ष-अप्रत्यक्ष फाइदा पुर्‍याएको हुन्छ । तसर्थ नेपालका बैंक वित्त सस्थाहरु मुलुकको उत्पादनशील क्षेत्रमा लगानी गर्न अग्रसर हुन आवश्यक देखिन्छ । क्षणिक फाइदालाई मात्र नहेरी यस्ता क्षेत्रहरुमा गर्ने बैंकहरुको लगानीको प्रतिफल भोलीका दिनमा सुनौंलो हुने निश्चित छ ।

अहिले बैंकहरुले पूँजी र पूँजीपतिहरुलाई मात्रै पछ्याईरहेको अवस्था छ । जहाँ पैसा त्यहाँ मात्र लगानी गरिहरेका छन् । फलस्वरुप नाफा पनि गर्दै आइरहेका छन् । 'क' वर्गका आधा दर्जन कर्मशियल बैंकहरुले यति धेरै प्रतिस्पर्धाको अवस्थामा पनि वार्षिक अर्ब भन्दा बढी कमाईरहेका तथ्याङ्क सार्वजनिक भैरहेका छन् । यसरी बैंकहरु नाफामूखी मात्रै भएका छन् । तर नाफा कमाउने बैंक वित्तिय संस्थाहरुले समाजमा निर्वाह गर्नुपर्ने सामाजिक उत्तरदायित्वको अभिभारा समेत पुरा गर्न सकेका छैनन् । सामाजिक उत्तरदायित्वलाई यिनिहरुले सर्लक्कै बिर्सिएका छन् । मासिक ५ हजार आम्दानी गर्न नसकेर झण्डै २८ प्रतिशत नेपालीहरु गरिवीको सूचीमा छन् । अझ ०७२ बैशाखमा गएको भुकम्पबाट थप ७ लाख गरिवी बढेको योजना आयोगको तथ्याङ्क छ ।

अहिले ६० प्रतिशत जनता बैंकिङ्ग पहुँच बाहिर हुनुको अर्थ उनीहरुको आय स्तर, रोजगारीको अवस्था अत्यन्त कमजोर हुनु हो । तर उनीहरुसँग पूँजी नहुँदैमा त्यो वर्गमा बैंकिङ्ग सुविधा प्रदान गर्नु आवश्यक होइन भन्ने ठान्नु नाफा हेर्ने सोचाई मात्रै हो ।

**बाँकी १९ पष्ठमा ......**

# अनारको पुतलीको एकीकृत खेती व्यवस्थापन

**परिचय :**

अनार विश्वको उष्ण तथा समशितोष्ण क्षेत्रको प्रसिद्ध व्यवसायिक फल बाली हो । एशिया महादेशका इरानमा उत्पति भएको यो बाली भारत हुँदै नेपाल भित्रिएको अनुमान गरिएको छ । हाम्रो देशको समशितोष्ण तथा उष्ण हावापानी अन्तर्गतका विशेषगरी हिउँदमा ठण्डी र गृष्ममा सुख्खा तथा पारिलो घाम लाग्ने समुद्र सतहबाट ५०० देखि १५०० मिटर उचाईसम्मका भू-भागहरुमा व्यवसायिक रुपमा यस बालीको सफलतापूर्वक खेती गर्न सकिन्छ । हाल नेपालमा गणेश, सिन्दुरे, मृदुला, पेपरसेल, धोल्खा, काबुल, मुस्काट, रेड, कान्धारी, अरावत र स्थानीय जातका दारीमहरुको खेती गर्ने गरिएको छ । कृषि विभाग, फलफूल विकास निर्देशनालय कीर्तिपुरको तथ्याङ्क अनुसार आव २०६९/०७० मा कुल २६९ हेक्टरमा अनारको खेती गरिएको भएता पनि उत्पादनशील क्षेत्र १८४ हेक्टर र कुल उत्पादन १०३६ मेट्रिक टन भएको देखिन्छ । बजारको मागको तुलनामा स्थानीय उत्पादन ज्यादै कम रहेकाले हाल अन्य मुलुकहरुबाट आयत गर्नु परिरहेकोले यसको क्षेत्रफल र उत्पादन वृद्धि गरी प्रशस्त अर्थोपार्जन गर्न सक्ने सम्भावना देखिन्छ ।



नेपालमा अनार खेतीको लागि मध्य पहाडमा अति उपयुक्त वातावरण रहेकोले सफलताका साथ खेती गर्न सकिने भएता पनि विभिन्न उत्पादन प्रविधिको अभावले यसको विस्तार हुन सकिरहेको छैन । वर्तमानमा यस बालीको उत्पादन र उत्पादकत्व पनि अति नै न्यून् छ र त्यसो हुनुमा विविध जैविक तथा अजैविक कारकहरुको प्रत्यक्ष वा अप्रत्यक्ष असरलाई मुख्य समस्याको रुपमा लिने गरिन्छ । अनारको उत्पादन तथा गुणस्तर घटाउनको लागि जैविक कारकहरु मध्ये कीराहरु महत्वपूर्ण मानिन्छन् । विश्वव्यापी रुपमा यस बालीमा ९१ प्रजातिका कीराहरुले क्षति गर्ने भएता पनि नेपालमा यस बालीमा अनारको पुतली (Pomegranate butterfly), सेतो झिँगा (white fly), मिलीवग (mealybugs) लाहीकीरा (Aphidds), बोक्रा खाने लाभ्रे (Bark eating cater pillar), कत्लेकिरा (Scale Insects) र फल कुहाउने औंशा (Fruit flies) इत्यादि लाग्ने गर्दछन् । उपरोक्त कीराहरु मध्ये अनारको पुतली आर्थिक दृष्टिकोणले बढी महत्वपूर्ण रहेकाले यहाँ सोही कीराको एकीकृत व्यवस्थापन सम्बन्धी विधि जानकारी प्रस्तुत गरिएको हो ।

अनारको पुतली Virachola Isocrates (Fabricius) को फैलावट तथा नोक्सानीको हिसाबले एसिया महादेशमा नै सबैभन्दा महत्वपूर्ण कीरा मानिन्छ । यो अनारको अलावा आरु, आरु वखडा, किम्वु, लिचि, सपोटा, अम्बा, नासपाति, स्याउ, सुन्तला जात लगायतका फुलहरुमा लाग्ने भएपनि यसले अनारलाई सबभन्दा बढी मन पराउने भएकाले यसले अनारमा आर्थिक दृष्टिकोणले ठूलो नोक्सानी पुऱ्याउँदछ । यी कीराले विभिन्न आश्रयदाता बालीहरुमा वर्षभरि नै सन्तान उत्पादन गरी वर्षात र हिउँद सबै याममा समस्या पैदा गराउँदछ ।

नेपालमा अनारमा वसन्त ऋतुमा फूल फूल्ने र वर्षातमा फल तयार हुने हुँदा त्यस समयमा यो मुख्य समस्याको रुपमा देखा पर्दछ । यस कीराको वाहुल्यता श्रावण, भाद्रमा अत्याधिक हुने भएकाले हिउँदमा तयार हुने बालीमा यसले अझ ठूलो समस्या उत्पादन गर्न सक्दछ । यसले अनारमा फुलदेखि फलको आकार सानो रहँदासम्म आक्रमण गर्न सक्छ । कीराको फुलबाट लार्भा निस्किए लगतै तिनले फलमा प्वाल पारी फलभित्रको गुँदी खान्छन् । फलस्वरुप फल कुहिएर झर्दछ ।

**पहिचान :**

वयस्कः यिनीहरुको शरीर मध्यम आकारको हुन्छ । भालेहरु पोथी पुतलीको तुलनामा हल्का साना हुन्छन् । भालेको शरीर नरम, चम्किलो, निलो वैजनी रंगको र पोथीको शरीर खैरो वैजनी रंगको हुन्छन् । पोथी पुतलीको अघिल्लो पखेटामा अंग्रजी (भी) आकारको प्रष्ट धब्बाहरु देख्न सकिन्छ ।

फुल : फुलहरु सेता, चम्किला तथा गोलाकार हुन्छन् ।

लार्भा : लार्भाको शरीर मसिना रौंहरुले ढाकेका हुन्छन् । यसको शरीर ध्वासे, खैरो रङ्गको हुन्छ । र त्यसमा सेता धब्बाहरु हुन्छन् । पूर्ण विकसित लार्भा १६ देखि २० मिलिमिटरसम्म लामो हुन्छ ।

प्यूपा : (अचल अवस्था) यस अवस्थामा यिनीहरुको शरीर खैरो रंगको हुन्छ ।

**जीवन चक्र :**

वयस्क पोथी कीराको कलिला पातहरु, हाँगा, कोपिला तथा बढ्दै गरेको ३० देखि ५० दिनको कलिला फलहरु पत्रदल (Calyx)मा दिनको समयमा अलग-अलग गरी फुलहरु पार्दछन् । मौसम अनुसार ती फुलहरुबाट ७ देखि १० दिन भित्र मसिना लार्भाहरु निस्कन्छन् । यिनीहरु पत्रदल वा फलमा सानो प्वाल बनाएर भित्र छिर्दछन् । लार्भाहरु फल भित्र करीब पाँच पटक काँचुली फेर्दै पूर्व विकसित हुन्छन् । यो अवधि १८ देखि ४७ दिनसम्म रहन्छ । पूर्ण विकसित लार्भाहरु हाँगा तथा आक्रमिक फलहरुमा वा फल बाहिर अचल अवस्था बस्छन् । कहिलकाहीँ यिनीहरु फल बाहिर आएर फलको भेट्नुमा रेसमी धागोको सहाराले भुण्डिएर अचल अवस्थामा (प्यूपा)मा रहेको देख्न सकिन्छ । प्यूपाबाट ७ देखि ३४ दिनमा वयस्क पुतलीहरु निस्कन्छन् । पोथी पुतलीहरु भाले पुतली भन्दा दोब्बर बढी अवधिसम्म बाँच्दछन् । यसरी यिनीको जीवन चक्र पूरा हुन मौसम अनुसार करिब एकदेखि दुई महिना लाग्दछ । एक वर्षमा यसको चार पुस्ताहरु

तयार हुन्छन् । यी कीराले विभिन्न आश्रयदाता बालीहरु वर्षभरि सन्तनोत्पादन गर्ने कार्य गर्दछ

**आर्थिक नोक्सानी :**

अनारमा यस कीराले मात्र सालाखाला ४० देखि ५० प्रतिशतसम्म नोक्सानी पुऱ्याउँछ । कीराको वृद्धि र शारीरिक विकासको लागि वातावरण अनुकुल भएमा यथोचित व्यवस्थापनमा ध्यान पुऱ्याउन सकिएन भने यस कीराले शत प्रतिशतसम्म नोक्सानी पुऱ्याउन सक्दछ । मिश्र तथा साथीहरु (१९८३)द्धारा गरिएको जातीय परिक्षणमा सिरिन जातको अनारमा सबैभन्दा बढी ६३.३ प्रतिशत र श्रीगर स्पेशलमा सबैभन्दा कम २४.३० प्रतिशत नोक्सानी पाइएको छ । त्यसैगरी मीर तथा साथीहरु (२००७)का अनुसार शितोष्ण क्षेत्रमा गरिएको जातीय परिक्षणमा काबुल, कान्धारी जातमा सबैभन्दा बढी (१२.४९ प्रतिशत) र गणेश जातको अनारमा सबैभन्दा कम (८.३३ प्रतिशत) नोक्सानी पाइएको छ । अमिलो जातमा भन्दा गुलियो जातो अनारमा यस कीराले बढी आक्रमणमा गरेको विभिन्न अध्ययनहरुमा उनले गरिएको वर्षातको मौसममा खासगरी श्रावण र भाद्र महिनामा यसको संख्या सबैभन्दा बढी हुन्छ । हिउँदे बाली भित्र्याउनको लागि गरिएको खेतीमा कार्तिक, मंसीर र पौष महिनातिर यसको क्षति अत्याधिक हुन्छ । पुतलीको संख्या बढ्दै जाँदा पछिल्लो पुस्ताका कीराहरुको संख्यामा वृद्धि भई लक्षण पनि बढ्दै जान्छ ।

**एकीकृत व्यवस्थापन :**

एकीकृत व्यवस्थापन सम्भव भएसम्म वहुआयमिक व्यवस्थापनका उपायबारे सौँच राख्दै जीव र वातावरण बारे जानकारी लिने, स्वास्थ खेती प्रणालीको विकास गर्ने र जैविक विविधता कायम गर्ने कार्य अपरिहार्य हुन्छ । फलस्वरुप स्थायी, सुदृढ र स्वास्थ कृषि पर्यावरणको विकास गर्न जरुरी हुने जान्छ । अनारको पुतलीको व्यवस्थापनको लागि कीराको अनुगमनको साथै यसको व्यवस्थापनको एकीकृत तरिकाहरुलाई बुद्धिमतापूर्वक प्रयोग गर्न अपरिहार्य छ । जुन तल विस्तारमा बताईएको छ ।

**कीराको अनुगमन :**

यो एकीकृत शत्रुजीव व्यवस्थापन (Integrated Pest Management) विधिको सबैभन्दा महत्वपूर्ण पक्ष हो । यदि शुरुकै अवस्था कीराको उपस्थितिबारे जानकारी पाउन सकियो भने व्यवस्थापनका उपायहरु वातावरणमा प्रतिकुल असर नपर्ने गरी निश्चित क्षेत्रमा प्रयोग गरेर वा कम मात्रामा सुरक्षित विषादि प्रयोग गरेर यस कीराको रोकथाम, कीराको अनुगमन सर्भे/सर्भेक्षण गरेर गर्न सकिन्छ । कीराको अनुगमन कार्य वर्ष भरिनै गर्नु पर्दछ । कीराको अनुगमन गर्दा निम्न कुराहरुमा ध्यान दिनु पर्दछ ।

-वयस्क पुतलीको कृयाकलापले अनुगमन गर्नको लागि प्रति हेक्टर १ प्रकाश पासो दरले प्रयोग गर्ने ।

-पुतलीको फुलमा अनुगमनमा अन्दाजी ६० फल भएको बोटमा कम्तिमा ५ सय कीराको फुल प्रति बोट देखियो भने आर्थिक रुपमा क्षति हेर्न तहमा पुग्ने हुँदा व्यवस्थापनको उपाय अपनाउने ।

-बगैंचामा दुर्गन्ध (Offensive smell) आएमा वा नोक्सानीको लक्षणहरु देखा परेमा यस कीराको उपस्थिति सहजै अनुमान गर्न सकिन्छ ।

कीराको रोकथामका लागि स्थानीय स्तरमा

**प्रकाश पासो तैयार गर्न विधिका :**

रात्री चर पुतलीहरुको अनुगमन गर्नका लागि स्थानीय स्तरमा सहितको १२५ वाटको मर्करी भ्यापर बत्ती वा लाल्टीन वा अन्य बत्ती बालेर पनि प्रकाश पासो तयार गर्न सकिन्छ । प्रकाश पासोको ठीक तलतिर स्थापित अनुसार एकदेखि डेढ फिटको दुरीमा एउटा चौडा मुख भएको भाडोमा पानी राखी अलिकति मट्टितेल मिसाई झुण्ड्याउनु पर्दछ । बत्तीमा झुम्मिन आएको कीराहरुमा तेल मिसाइएको पानीमा खसेर मरुन भन्ने उद्देस्यले यस्तो व्यवस्था गरिएको हुन्छ । यसरी तैयार पारिएको उपकरणलाई सामान्यतया एकदेखि डेढ मिटर अग्लो बलियो लट्ठीमा झुण्ड्याएर बगैँचामा राख्नु पर्दछ । बत्तीको प्रभावले यसमा आकर्षित हुने कीराहरुलाई आकर्षित गर्ने भएकाले बत्तीको प्रकाशन दिने क्षमतालाई विचार गरेर अर्को पासो कति दूरीमा राख्ने भन्ने कुरा निर्धारण गर्दा अधिकतम् प्रकाश फैलिन सक्ने स्थिति मिलाउनु पर्दछ । यस किसिमको पासोबाट अनारको पुतलीको अलवा अन्य प्रकार पासोमा आकर्षित हुने कीराहरुको अनुगमन गर्न सकिन्छ । खेती गर्ने तौर तरिकामा सुधार गरेर कीरा

**न्यूनिकरण विधि :**

-क्षतिग्रस्त फलहरुलाई टिपी नष्ट गर्ने । त्यसका लागि ४० सेमी गहिरो खाडलमा त्यस्तो फलहरुलाई गाडेर वा अन्दाजी ५० डिग्री सेल्सियस् भन्दा माथिको तातोपानीमा १०-१५ मिनेट डुबाएर लार्भा र प्यूपालाई नष्ट गर्न सकिन्छ ।

-नियमित रुपमा बगैंचाको वरिपरि फूल फूल्ने बिरुवाको अझ विशेष गरेर कम्पोजिट परिवारका जस्तै गन्धे, सयपत्री, सूर्यमुखी जस्ता वनस्पतिहरु हटाउने र यी वनस्पतिहरुले वैकल्पिक आश्रयदाता बालीको रुपमा काम गर्दछन् ।

-सामान्यतया गुलियो जातको तुलनामा अमिलो जातको फलफूलहरुमा यस कीराको प्रकोप कम हुने देखिएकोले त्यसको थप अध्ययन गरी प्रजनन् कार्यबाट कीरा कम लाग्ने जातको विकास गर्नु जरुरी देखिन्छ ।

-अनारको बगैँचा बाग्लो भएमा कीराहरुको वृद्धि विकास छिटो हुने हुँदा जात अनुसारको बिरुवाको उपयुक्त घनत्व (बोट प्रति इकाई क्षेत्रफल) कायम राख्ने बढी घनत्व छ भने काँटछाँट गरी हटाउनु पर्दछ ।

**यान्त्रिक तरिकाबाट रोकथाम :**

-फलको व्यास (Diameter) करिव ५ सेमी भएपछि अर्थात ३० देखि ५० दिनको फरकमा वा मनसुन शुरु हुनुभन्दा अगावै प्रत्येक फलहरुलाई कपडा, दुईपत्रे कागज, तेलमा डुबाएको खबर पत्रिका अथवा ३०० गेजका पोलिथिनको थैलाले ढाकिदिएमा अनारको पुतलीले फलमा फूल पार्न सक्तैन र फलहरु पतुलीको लार्भाबाट सुरक्षित रहन्छन ।

-पराग सेचन लगतै पत्रदलको कम (Calyx cup) लाई हटाउने ।

**जैविक तरिकाबाट रोकथाम :**

-अनारको फूल फुल्न थालेपछि अनारको पुतलीको फूलको परजीवि ट्राइकोग्रामा **काइलोनिस कीराको प्रयोग :**

ट्राइकोग्रामा काइलोनिस बारुला समुहको परजीवि कीरा हो र यस कीराको एउटा परिपक्व वयस्क पोथीले औसत रुपमा ९० देखि १०० फुलहरुलाई परजीविकरण गर्न सक्छन । यसले पुतली समूहका करिब २०० प्रजातिका कीराहरुका फुललाई परजीविकरण गर्न सक्छ । यसको पोथीले हानीकारक कीराको फुलभित्र आफ्नो फुल पार्दछ । त्यही आफ्नो जीवनचक्र व्यतित गरी लार्भा, प्युपा र वयस्क हुँदै आश्रयदाता कीराको फुललाई मारेर बाहिर निस्कन्छ । यसलाई माटोमा चिस्यानका मात्रा उपयुक्त भएको अवस्थामा बालीमा छोड्दा प्रभावकारिता बढ्दछ भने छोडिसकेपछि विषादि छर्नु हुँदैन ।

**-व्यासिलस थुरिनजेन्सिस् जात :**

कुर्सटाकी (Bacillus thuringiensis varkurstaki) नामक व्याक्टेरियाको बजारमा प्रचलित धुलो फर्मुलेसनलाई २ ग्राम प्रति लिटर पानीमा मिसाएर साँझ पख छर्कने ।

-मित्र जीवहरुको संरक्षण गर्नको लागि विशेष ध्यान दिने । जथाभावी विषादिको प्रयोग नगर्ने ।

*स्रोत : कृषि अनुसन्धान परिषद् सञ्चार, प्रकाशन तथा अभिलेख महाशाखा, वातावरण मैत्री कृषि प्रविधि सँगालो*

# पाँच किसान संगठनले बुझाए ज्ञापन पत्र

*नेपाल सरकारबाट किसानहरूलाई न्यायको प्रत्याभूति गराउने किसान अधिकार संस्थाको रूपमा गठित राष्ट्रिय किसान आयोग नेपाली किसानहरूका समस्याप्रति जिम्मेवार र जवाफदेही बन्नुको साटो किसानलाई उपेक्षा गर्ने, सुविधा भोग गर्ने, स्रोत साधनको दुरुपयोग गर्दै निजी तथा गुटगत स्वार्थमा आधारित गतिविधि गर्ने र कृषि तथा पशुपन्छी मन्त्रालयलाई असहयोग गर्ने षड्यन्त्रमा लागिपरेको छ ।*

काठमाडौं २०७८ फागुन २ गते गठवन्धनमा आवद्ध पाँच राजनीतिक दलनिकट किसान संगठनहरूले नेपालको कृषि क्षेत्र र किसानहरूका समसामयिक समस्याहरूलाई सम्वोधन गर्नका लागि कृषि तथा पशुपन्छी विकास मन्त्री महिन्द्र राय यादवलाई संयुक्त ज्ञापन पत्र पेश गरेका छन् ।

कृषि क्षेत्रको सुधार र किसानहरूका जल्दाबल्दा समस्या सम्वोधनका लागि मागहरू राख्दै कृषि तथा पशुपन्छी विकास मन्त्रालय, नेपाल सरकार तथा सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराएका किसान संगठनहरूले देशको दुईतिहाई जनसंख्याको प्रतिनिधित्व गर्ने किसान संगठनहरू सरकारलाई आवश्यक सहयोग र सहजीकरण गर्न तयार रहेको प्रतिवद्धता व्यक्त गर्दै आफ्ना मागहरूको सम्वोधन नभएमा संघर्ष



गर्न वाध्य हुने कुरा पनि ज्ञापन पत्र मार्फत सार्वजनिक गरेका छन् ।

ज्ञापन पत्रमा "कृषिमा आधारित अर्थतन्त्र रहेको र किसान बाहुल्यता भएको देशमा किसान र कृषि क्षेत्रका विषयमा नेपाल सरकार तथा सरोकारवाला निकायहरूले विशेष ध्यान दिनु र कृषि क्षेत्रलाई राष्ट्रिय प्राथमिकताको विषयको रूपमा उच्च महत्व दिनु आवश्यक छ। विगतमा केपी ओली नेतृत्वको प्रतिगामी सरकारले अघि सारेका कैयौं किसान विरोधी नीतिहरू र कोभिड महामारी तथा अन्य विभिन्न प्राकृतिक प्रकोपहरूको समयमा समेत किसानहरूलाई राहत दिने कुनै किसान पक्षीय कामहरू नगरेको कारण विगत लामो समयदेखि शोषण र उत्पीडनमा रहेका किसानहरूको पीडामाथि पीडा थपिएको उल्लेख गरिएको छ। नेपाली किसानहरूले कृषि सामग्री, उत्पादन, वितरण, बजार, प्राकृतिक प्रकोपहरू र जलवायू संकटका कारण सिर्जित विविध समस्या र चुनौतीको सामना गरिरहेका छन्, जसले गर्दा कृषि प्रतिको विकर्षण र खाद्यमा परनिर्भरता बढिरहेको छ । बाढी, पहिरो, डुबान आदिका कारण ठुलो क्षति व्यहोरेका किसानहरू जेनतेन आफ्नो गाँस, बास र कपासको जोहो गर्दै सरकारबाट घोषित राहत पाउने पर्खाइमा छन् । रासायनिक मलको अभावलाई सम्वोधन गर्न नेपाल सरकारले थप ११ अर्व रूपैयाँ बजेट व्यवस्था गरेको भए पनि मलको अभाव कायमै छ । यसका साथै नेपाल सरकारबाट किसानहरूलाई न्यायको प्रत्याभूति गराउने किसान अधिकार संस्थाको रूपमा गठित राष्ट्रिय किसान आयोग नेपाली किसानहरूका समस्या प्रति जिम्मेवार र जवाफदेही बन्नुको साटो किसानलाई उपेक्षा गर्ने, सुविधा भोग गर्ने, स्रोत साधनको दुरुपयोग गर्दै निजी तथा गुटगत स्वार्थमा आधारित गतिविधि गर्ने र कृषि तथा पशुपन्छी मन्त्रालयलाई असहयोग गर्ने षड्यन्त्रमा लागिपरेको छ," उल्लेख छ ।

माननीय मन्त्री महेन्द्र राय यादवज्यू,
कृषि तथा पशुपन्छी विकास मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

**विषय:** ज्ञापन पत्र ।

कृषिमा आधारित अर्थतन्त्र रहेको र किसान बाहुल्यता भएको हाम्रो देशमा किसान र कृषि क्षेत्रका विषयमा नेपाल सरकार तथा सरोकारवाला निकायहरूले विशेष ध्यान दिनु र कृषि क्षेत्रलाई राष्ट्रिय प्राथमिकताको विषयको रूपमा उच्च महत्व दिनु आवश्यक छ। विगतमा केपी ओली नेतृत्वको प्रतिगामी सरकारले अघिसारेका कैयौं किसान विरोधी नीतिहरू र कोभिड महामारी तथा अन्य विभिन्न प्राकृतिक प्रकोपहरूको समयमा समेत किसानहरूलाई राहत दिने कुनै किसानपक्षीय कामहरू नगरेको कारणले विगत लामो समयदेखि शोषण र उत्पीडनमा रहेका किसानहरूको पीडामाथि पीडा थपिएको छ । नेपाली किसानहरूले कृषि सामाग्री, उत्पादन, वितरण, बजार, प्राकृतिक प्रकोपहरू र जलवायु संकटका कारण सिर्जित विविध समस्या र चुनौतीको सामना गरिरहेका छन्, जसले गर्दा कृषि प्रतिको विकर्षण र खाद्यमा परनिर्भरता बढिरहेको छ । बाढी, पहिरो, डुबान आदिका कारण ठुलो क्षति व्यहोरेका किसानहरू जेनतेन आफ्नो गास, बास र कपासको जोहो गर्दै सरकारबाट घोषित राहत पाउने पर्खाइमा छन् । रासायनिक मलको अभावलाई सम्वोधन गर्न नेपाल सरकारले थप ११ अरब रूपैयाँ वजेट व्यवस्था गरेको भए पनि मलको अभाव कायमै छ । यसका साथै नेपाल सरकारबाट किसानहरूलाई न्यायको प्रत्याभूति गराउने किसान अधिकार संस्थाको रूपमा गठित राष्ट्रिय किसान आयोग नेपाली किसानहरूका समस्याप्रति जिम्मेवार र जवाफदेही बन्नुको साटो किसानलाई उपेक्षा गर्ने, सुविधा भोग गर्ने, स्रोत साधनको दुरुपयोग गर्दै निजी तथा गुटगत स्वार्थमा आधारित गतिविधि गर्ने र कृषि तथा पशुपन्छी मन्त्रालयलाई असहयोग गर्ने षड्यन्त्रमा लागिपरेको छ ।

यसै सन्दर्भमा हामी गठबन्धनमा आवद्ध पाँच राजनीतिक दलनिकट किसान संगठनहरूले नेपालको कृषि क्षेत्र र किसानहरूका समसामयिक समस्याहरूमा केन्द्रित साझा छलफल र विमर्श गरी कृषि क्षेत्रको सुधार र किसानहरूका जल्दाबल्दा समस्या सम्वोधनका लागि निम्न मागहरू राख्दै कृषि तथा पशुपन्छी विकास मन्त्रालय, नेपाल सरकार तथा

सरोकारवाला निकायहरूको गम्भीर ध्यानाकर्षण गर्न चाहन्छौं । हामी देशको दुईतिहाई जनसंख्याको प्रतिनिधित्व गर्ने किसान संगठनहरू सरकारलाई आवश्यक सहयोग र सहजीकरण गर्न तयार रहेको प्रतिवद्धता व्यक्त गर्दै आफ्ना मागहरूको सम्वोधन नभएमा हामी संघर्ष गर्न वाध्य हुने कुरा पनि यसै ज्ञापन पत्र मार्फत जानकारी गराउन चाहन्छौं ।

हाम्रा मागहरु :

१. किसान आन्दोलनको जगमा टेकेर राष्ट्रिय किसान संजाल, नेपालको प्रत्यक्ष संलग्नतामा बनेको कृषि विकास रणनीति (२०१५-३५) को आधारमा बनेको राष्ट्रिय किसान आयोगलाई स्थापनाको उद्देश्य अनुरूप किसानहरू तथा किसान संगठनहरूको हक, हित र अधिकारको प्रवर्द्धन गर्ने अभिभावक संस्थाको रूपमा नभई एकपक्षीय तथा आफ्ना आसेपासे र नातागोता भर्ती गरी जागिर ख्वाउने निकायको रूपमा केपी ओलीको नेतृत्वमा रहेको प्रतिगामी सरकारले प्रयोग गरेको, हाल आयोगका गतिविधिहरू किसानका मुद्दामा भन्दा पनि आफ्नो गुटगत तथा निजी स्वार्थमा केन्द्रित भएको, आयोगले कृषि क्षेत्र तथा किसानका मुद्दाहरूमा आफ्नो क्षेत्राधिकारभित्र रही संस्थागत रूपमा काम गर्नुको सट्टा सरकारविरोधी वक्तव्यबाजी गरेर बसेको, पदाधिकारीहरूले आयोगका स्रोत साधनहरूको दुरुपयोग गर्दै स्वेच्छाचारी र मर्यादा विपरीतका गतिविधिहरू सञ्चालन गरेको, कृषि तथा पशुपन्छी मन्त्रालयलाई असहयोग गरेको, किसान संगठनहरूको सुझावलाई समेत बेवास्ता गर्दै अघिबढ्ने काम भएको र यसबाट राष्ट्रिय किसान आयोग स्वयंप्रति नै जनताको वितृष्णा पैदा हुने काम गरेकोले सो आयोगका पदाधिकारीहरूलाई अविलम्ब हटाएर आयोगको तत्काल पुनर्गठन गरी किसान संघ/संगठन र वास्तविक किसानहरूको प्रतिनिधित्व हुने गरी स्वतन्त्र, निष्पक्ष र सर्वपक्षीय आयोगको गठन गर्न हामी जोडदार माग गर्दछौं ।

२. रासायनिक मलको अभावलाई तत्काल सम्वोधन गरी किसानहरूलाई सर्वसुलभ तरिकाले मलखाद उपलब्ध गराउने व्यवस्था गरियोस् । साथै, नेपाली किसानहरूले निरन्तर भोग्नुपरेको यस समस्यालाई किसान संगठनहरूको सहभागीतामा दीर्घकालीन रूपमा समाधानको बाटो पहिल्याउन, रासायनिक मलको समस्यालाई सँधैका लागि समाधान हुने गरी योजना बनाउन हामी नेपाल सरकार समक्ष जोडदार माग गर्दछौं ।

३. रासायनिक मल कारखाना खोल्ने कार्य अति खर्चिलो हुने, त्यसका लागि आवश्यक कच्चामाल तथा इन्धन समेत आयातित गर्नुपर्ने, उत्पादित रासायनिक मलको मूल्य आयातित मलको मूल्यभन्दा बढी पर्न जाने, त्यसो हुँदा थप अनुदान दिनुपर्ने हुनाले राज्यमाथि मल कारखाना स्थापना, सञ्चालन र अनुदानको तेहरो भार पर्ने, रासायनिक मल कारखानाले वातावरणीय प्रभाव पार्ने र विश्वव्यापी रूपमा रासायनिक मलको प्रयोगलाई निरुत्साहित गर्दै जैविक/प्राङ्गारिक तरिकाले गरिने उत्पादनलाई प्रवर्द्धन भइरहेको वर्तमान परिप्रेक्ष्यमा पुरातन सोच र कमिशनको लोभमा अन्यत्र प्रयोगमा नआई वर्षौंदेखि थोत्रिएर बसेका मेशिनहरूको आयात गरी नेपालमा रासायनिक मल कारखाना स्थापना गर्ने प्रयत्न सर्वथा गलत, प्रतिगामी र नेपाली जनभावना विपरीत छ । यसको सट्टा जैविक/प्राङ्गारिक मलहरूको कारखाना खोल्ने र खाद्य सम्प्रभुताको कार्यान्वयन गर्ने दिशाउन्मुख हुँदै किसानलाई प्राङ्गारिक, जैविक विविधतामा आधारित पर्यावरणीय तथा दिगो कृषिमा आकर्षित गर्दै रासायनिक मलमा रहेको परनिर्भरतालाई अन्त्य गर्न सुस्पष्ट नीति तथा कार्यक्रम अघिसार्न नेपाल सरकारसमक्ष जोडदार माग गर्दछौं ।

४. बाढी, पहिरो, डुवान, कोभिड लगायतका विपदबाट प्रभावित, धानमा बाला नलागेर मारमा परेका नेपाली किसानहरूका लागि घोषणा गरिएको राहत तथा क्षतिपुर्ति कैयौं किसानहरूले अझै नपाएको, लगत संकलन तथा राहत वितरणमा कैयौं स्थानीय निकायबाट ढिलासुस्ती र पक्षपात् भएको पाइएकोले यस विषयमा नेपाल सरकारबाट तत्काल कडा कदम चाल्दै घोषणा गरेवमोजिमको राहत तथा क्षतिपुर्ति तुरुन्त र न्यायोचित रूपमा वितरण गरियोस् ।

५. किसान संगठनहरूको सहभागीतामा उत्पादक किसानहरूको मागवमोजिम उखुको मूल्य निर्धारण गर्न र उखुको रकम भुक्तानी नगर्ने उद्योगीहरूलाई तत्काल कडाभन्दा कडा कारबाही गरी किसानहरूको उखुको भुक्तानी पाउनुपर्ने रकम तत्काल उपलब्ध गराउन हामी नेपाल सरकारसमक्ष जोडदार माग गर्दछौं । साथै, उखु किसानहरूको समस्यालाई किसान संगठनहरूको सहभागीतामा दीर्घकालीन रूपमा समाधान गर्ने गरी नीति, योजना तथा कार्यक्रम बनाई लागु गर्न जोडदार माग गर्दछौं ।

६. नेपालको संविधानमा मौलिक हकको रूपमा स्थापित खाद्य सम्प्रभुताको अधिकारलाई 'खाद्य सम्प्रभुता तथा खाद्य अधिकार ऐन २०७५' वमोजिम जनमुखी नियमावली बनाई यथाशीघ्र कार्यान्वयन गर्न जोडदार माग गर्दछौं । नियमावली बनाउने प्रक्रियामा किसान संगठनहरूलाई सहभागी गराउन माग गर्दछौं ।

७. राष्ट्रिय किसान सञ्जाल समेतको प्रत्यक्ष सहभागीतामा बनेको २० वर्षे कृषि विकास रणनीतिलाई मुलुकको बदलिएको परिस्थिति अनुरूप लागु गर्न राष्ट्रिय किसान सञ्जाल र किसान संगठनहरूको सहभागीतामा तत्काल सिंहावलोकन, समीक्षा तथा पुनर्लेखन गर्दै यसको कार्यान्वयनमा जोड दिन माग गर्दछौं ।

८. कृषि विकास रणनीतिको अवधारणा अनुरूप देशभरका सम्पूर्ण किसानहरूको वर्गीकरण गरी सोका आधारमा वास्तविक उत्पादक किसानहरूलाई किसान परिचय पत्र उपलब्ध गराउन र सोही आधारमा किसानहरूलाई आवश्यक सेवा सुविधा प्रदान गर्न हामी नेपाल सरकारसमक्ष जोडदार माग गर्दछौं । साथै नेपाल सरकारले अघिसारेको किसान वर्गीकरण र किसान परिचय पत्रको अवधारणा विपरीत विभिन्न गैरसरकारी संस्थाहरू र स्वार्थ समूहहरूले स्थानीय निकायहरूलाई विभिन्न प्रलोभनमा पारी कुनै ठोस योजना वा अवधारणा विना सरकारको कार्यक्रमलाई अर्थहीन र बदनाम गराउने गरी मनपरी तरिकाले किसान वर्गीकरण र परिचय पत्र बाँड्ने नाटक र नौटंकी भईरहेकोले यसलाई अविलम्ब रोक्न र देशभर ठोस नीतिका किसानहरूको वर्गीकरण र किसान परिचय पत्र वितरण कार्य यथाशीघ्र शुरु गर्न जोडदार माग गर्दछौं ।

९. किसान आन्दोलनको प्रतिफलको रूपमा विगत लामो समयदेखि कृषि क्षेत्रका नीति निर्माण तथा कार्यान्वयन गर्ने कृषि तथा पशुपन्छी मन्त्रालय र अन्य सरोकारवाला निकायहरूमा राष्ट्रिय किसान सञ्जाल र किसान संगठनहरूको प्रतिनिधित्व गराउने व्यवस्था भएकोले कृषि सम्बन्धी नीति निर्माण तथा कार्यक्रमहरूमा राष्ट्रिय किसान सञ्जाल र किसान संगठनहरूलाई संस्थागत रूपमा आमन्त्रण गरि नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र किसान संगठनहरूको सहकार्यलाई निरन्तरता दिन जोडदार माग गर्दछौं ।

# राज्यको कृषि अनुदान वास्तविक किसानले पाउँदैन



**कृष्ण प्र उपाध्याय दर्शन**

विगत ५ वर्ष देखि निरन्तर कृषि अध्ययन, कृषि सम्बन्धी विभिन्न कार्ययोजना बनाएर लागि रहेका छन्  कृषि प्राविधिक कृष्ण दर्शन उनले कृषि प्रधान देश नेपालको कृषि अवस्था र नेपालीबिचको अन्तरसम्बन्धलाई यसरी वर्णन गर्छन । केही दशक अघिसम्म वर्षामा खेति गरेपछि अरु बेला बाँझो पल्टिने जमीनमा आजकल प्लाष्टिकका आधुनिक टनेल देखिन थालेका छन । कुटो, कोदालो, बाउसे, हलो, जुवा र गोरुको भरमा खनजोत हुने खेतबारीमा आजकल हाते ट्रयाक्टर र ठुलो ट्याक्टर दगुर्न थालेका छन् ।

कृषि कर्ममा रम्दै खाद्यान्न उत्पादनमा जुट्ने किसानहरुलाई आधुनिक उपकरणले परम्परागत औजारले भन्दा धेरै सुविधा र उत्पादन समेत बढाएको छ। खोल्सा र पहराबाट चौबिसै घण्टा बगिरहने कञ्चन पानीमा अनेक जातिका माछाहरु पालिन थालेका छन् । ठाउँ ठाउँमा भैसी, बाखाको गोठदेखि आधुनिक ढंगका कुखुराका खोरहरु पनि बनेका छन् ।

परदेशमा पसिना बगाएर थाकेको ज्यानलाई स्वदेशमै कृषि कर्म गरेर आफु, परिवारको उज्यालो भविष्य खोज्दै देशको आर्थिक उन्नतिमा हातेमालो गर्ने किसानहरु समृद्धिको शिखर चुम्न सकेका छैनन् । राज्यले कृषि र उद्योग विकासका लागि सहुलियत दरमा ऋण, अनुदान अनेक व्यवस्था गरेपनि अझै निमुखा र वास्तविक किसानको पोल्टामा सुविधा र सहयोग परेका छैनन् ।

जसले गर्दा कृषि प्रधान देश भनिदै आएको नेपालमा कृषि कर्ममा लाग्नेहरुको भविष्य चम्कन सकेका छैनन् । राज्यले विदेशबाट वर्षेनी अर्बौं रुपैयाँको खाद्यान्न आयात गर्छ, देशका कतिपय खेतबारीहरु बाँझो बनिरहेका छन् । बरु खेतियोग्य भूमिमा रातारात प्लटिङ गरेर कंक्रिटको जंगल बनाएर बातावरण बिगार्ने काम भइरहेको छ ।

देशको कुल जनसंख्याको करिब ६६ प्रतिशत कृषकहरु रहेका छन् । उनीहरुको मुख्य समस्या भनेको उत्पादन वस्तु समयमा बजारमा ल्याउन नसक्नु, बाह्य बजारसँग प्रतिस्पर्धा गर्न नसक्नु, कहिले मौसम सुख्खा, कहिले पानी अत्याधिक पर्ने र कहिले असिना जस्ता दैविक प्रकोप कारण पनि कृषकहरुले दुःख पाएका छन् ।

कृषक र बजारबिचको दूरी बढ्दा विचौलिया व्यापारीहरुले आफूलाई जता फाइदा हुन्छ त्यतैबाट तरकारी, फलफूल लगायत खरिद गर्ने गर्दछन् भने अर्को तर्फ दक्ष जनशक्तिको अभावले समय अनुकुल कृषि उत्पादनमा ह्रास भएको पाइन्छ। कृषकहरुलाई सरकारले अनुदान रकम, प्रधानमन्त्री कृषि योजना तथा बैंकिङ निकायबाट सहुलियत व्याजदरमा ऋण प्रवाह गरेका छन् ।

जसले कृषकहरुलाई थप उर्जा दिन मद्दत गरेको छ। तर कार्यालयको सही सूचना ग्रामीण भेगका किसानसम्म पुग्न नसक्नु, कागजी प्रक्रिया झन्झटिलो मानेर कृषकहरु आकर्षित नहुनु, ५० प्रतिशत साझेदारीको नियमलाई कृषकहरु अवलम्वन गर्न नसक्नु, असली किसान नचिनिदा केही लगानी भएका टाठाबाठाले अनुदान लिने गरेका कारण पनि कृषकहरु अनुदानबाट बञ्चित हुनु ।

खेतियोग्य जमीनमा प्लटिङ गरेर घर घडेरी बनाइने, दक्ष जनशक्ति विदेशिने क्रम बढ्नु या जनशक्ति नै नहुनु थप समस्या हुन् ।

अहिले कृषि सहकारीको नाममा धमाधम सहकारीहरु स्थापना गर्ने कार्य भइरहेको छ । उनीहरुको काम धन्दा घर-घरमा पुगेर पैसा जम्मा गर्ने र कसरी हुन्छ नाफा कमाउने मात्र भएको छ। नाम कृषि सहकारी भने पनि कृषि सम्बन्धी काम शुन्य छ ।

कृषि प्रधान देश नेपालमा सम्भावना नदेखेर भखर मुहारमा जुँगाका रेखि बसेका किशोरदेखि उमेरले दिएसम्म बुढ्यौली शरीरलाई विदेशी भूमिमा घोट्न वाध्य छन् नेपालीहरु । स्वदेशमै केहि गर्न खोज्यो राज्यको असहयोग, चाकडी, चाप्लुसी, नातावाद, कृपावाद, पार्टीवाद, गुलामी, दलाली र पैसाको बिटो नबुझाएसम्म काम नबन्ने परिपाटिले स्वाभिमानी छात्ती मनभरी पीडा बोकेर परदेशमा पसिना बगाउन विवश छन् ।

परदेशमा हण्डर खाएर एक थोपा सिप र पसिना भएपनि स्वदेशी माटोमा बगाउनु पर्छ भनेर स्वदेश फर्केर कृषि कर्ममा लाग्नेहरुको अनेक समस्या छ। चर्को घामपानी खाएर, मलबिऊ, किटनाशक औषधी र मजदूर हालेर फलाएको खाद्यान्न, तरकारी, फलफूलदेखि पशुपंछीको उचित बजार व्यवस्थापन र उचित मुल्य नपाउँदा किसानहरु मर्कामा परेका छन् । सरकारले वैदेशिक लगानी भित्र्याउने तर्फ केन्द्रित देखिएको छ । तर विदेशबाट सिप र लगानी लिएर आएका कृषकहरुलाई वास्ता गरेको देखिदैन । कृषि क्षेत्रमा सरकारले अनुदानको ढोल पिट्छ तर, यो कोरा नारामा मात्र सीमित भएको छ। कृषि अनुदानबाट कति कृषक सन्तुष्ट छन् ? वास्तविक किसान कस्ले कति पाएका छन् ?

अनुदान पाएकाले मापदण्ड पूरा गरेका छन् या छैनन् ? राजनैतिक खोल ओढेका कर्मचारीलाई पोस्ने काम त भएको छैन ? यस्ता यावत प्रश्न उब्जिएका छन्। असली कृषक काममा नै व्यस्त हुन्छन् । उनीहरुलाई न कागजी प्रक्रिया पुरा गर्न आउछन् ? सुचनाको बारेमा कसैले जानकारी गराउछन् । नेपाल सरकारले कृषिको उब्जनीलाई मात्र ध्यान दिएको छ, कसले कति धेरै उत्पादन गर्‍यो ? उब्जनीमा विषादी प्रयोग छ या छैन त्यसको कुनै मतलव छैन, खाद्यान्न जस्तो संवेदनशील क्षेत्रमा विषादी प्रयोग गरेर बजारमा बिक्री वितरण गरि मानव जीवनलाई नै विषाक्त पारिएको छ ।

क्षणिक फाइदा र आर्थिक लाभको लागि मानव स्वास्थ्यमा गम्भीर लापरवाही गरिएको छ। यसको अनुगमन किन गरिदैन । यो आवश्यक छ अहिले कृषि पेशामा सरकारको नीति नियम र बैंकिङ नियम अलग अलग रहेको छ। सरकार विना धितो भन्छ, बैंक धितो विना ऋण दिन सक्दैन, अझ आश्चर्यको कुरा त ऋण बाउले लिन्छ भने छोराछोरी सहित ३ पुस्ते बन्धकी बसेर लिनुपर्छ ।

नेपालमा बसेर नगद रकम भएर व्यापार व्यवसाय गर्न सकिदैन । उचित ब्याजदरमा ऋण लिएर व्यवसाय गर्नुपर्छ तर घरपरिवारको कुनै एक सदस्य विश्वासपात्र बनेन भने जानेको सीप, दक्षता र अनुभव अनुसार काम गर्न सक्दैन । कानुनी प्रकृयाले गर्दा ठूलो अभियानमा लागेको व्यक्ति उद्योग धन्दा व्यवसायमा लाग्न सकेका छैनन् ।

# कृषि मन्त्रालयलाई अनाजले दियो सुझाव

काठमाडौं फागुन २३ गते एसोसिएसन अफ नेपाली एग्रिकल्चरल जर्नालिस्टस् (अनाज)को प्रतिनिधिमण्डलले कृषि मन्त्री महेन्द्र राय यादवलाई भेटेर कृषि विकासका लागि सुझाव पत्र हस्तान्तरण गरेको छ ।

सुझाव पत्रलाई गम्भीरतापूर्वक लिंदै केही सुझाव अनुसारका कार्य भोली नै सुधार गर्ने प्रतिवद्धता प्राप्त भएको छ । यसैगरी सुझाव पत्रको वोधार्थ आजै कृषि सचिव (पशुपन्छी तर्फ) निरु दाहाल पाण्डेलाई समेत हस्तान्तरण गरिएको छ ।

*जनतासँग प्रत्यक्ष सरोकार राख्ने कृषि तथा पशुपंक्षी विकास मन्त्रालय थप मिडियामैत्री बन्नुपर्ने देखिन्छ । संचारकर्मीहरुलाई मन्त्रालय तथा मातहतका निकायसँग सम्बन्धित सूचनामा सहज पहुँच विस्तार गर्न मन्त्रालयमा छुट्टै सूचना तथा सञ्चार केन्द्रको स्थापना गरिनुपर्छ । जहाँ कृषि सञ्चारसँग सम्बन्धित सामाग्रीको पर्याप्त उपलब्धता होस् ।*



**सुझाव पत्रको पूर्ण पाठ :**

कृषि सुधारका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय समक्ष पेश गरिएको एसोसिएशन अफ नेपाली एग्रकल्चरल जर्नालिष्टस् (अनाज)को सुझावपत्र ।

मुलुकको दुई तिहाई जनता प्रत्यक्ष निर्भर रहेको र कुल ग्राहर्स्थ उत्पादनमा एक चौथाई योगदान गरिरहेको क्षेत्रको हो कृषि । गोठदेखि ओठसम्म, आलीदेखि थालीसम्म कृषि मूल्य श्रृँखला सही रुपमा चलेको अवस्थामा जनताको स्वास्थ्य मात्र हैन अर्थतन्त्रमा पनि सकारात्मक प्रभाव पर्ने गर्छ । चालू आर्थिक वर्षको अर्धवार्षिक समीक्षा अवधि पुगिरहँदा कृषि क्षेत्रमा सकारात्मक भन्दा नकारात्मक विषयले प्रश्रय पाईरहेको अवस्था समेतलाई मध्यनजर गर्दै कृषि तथा पशुपंक्षी विकास मन्त्रालय समक्ष एसोसिएसन अफ नेपाली एग्रीकल्चरल जर्नालिस्टस् (अनाज)को तर्फबाट कृषि क्षेत्र सुधारका लागि सुझाव पत्र पेस गरिएको छ । कृषि विज्ञ, अभियन्ता, सरोकारवाला तथा सञ्चारकर्मीहरुको समेत राय सल्लाह समेतको प्रतिनिधित्व हुने गरि निम्नानुसारको सुझावहरु सुझाव पत्रमा समेटिएको हो ।

१. जनतासँग प्रत्यक्ष सरोकार राख्ने कृषि तथा पशुपंक्षी विकास मन्त्रालय थप मिडियामैत्री बन्नुपर्ने देखिन्छ । संचारकर्मीहरुलाई मन्त्रालय तथा मातहतका निकायसँग सम्बन्धित सूचनामा सहज पहुँच विस्तार गर्न मन्त्रालयमा छुट्टै सूचना तथा सञ्चार केन्द्रको स्थापना गरिनुपर्छ । जहाँ कृषि सञ्चारसँग सम्बन्धित सामाग्रीको पर्याप्त उपलब्धता होस् ।

२. सञ्चारमाध्यमलाई आवश्यक सूचना समयमै उपलब्ध गराउन तथा आवश्यक समन्वयको मुख्य जिम्मेवारीसहित प्रवक्ता, कृषि तथा पशुपन्छीका छुट्टा-छुट्टै सह-प्रवक्ता, सूचना अधिकारीहरुलाई सञ्चार केन्द्रमा एउटै डेस्कमा उपलब्ध हुने व्यवस्था गरिनु पर्छ । कृषि सञ्चारको जिम्मेवारी प्राप्त अधिकारीहरुलाई मन्त्रालयले अन्य विभागीय जिम्मेवारीहरु घटाउँदै लैजाने व्यवस्था गर्नु पर्छ । जसले सञ्चारको जिम्मेवारी निर्वाह गर्न सहज हुन सक्छ ।

३. मुलुकभरका कृषि सम्बन्धी सूचनाको एकद्वार प्रणालीबाट नियमित अद्यावधिक गर्ने व्यवस्था हुनुपर्छ । कृषक-सरकारी निकाय-सञ्चार माध्यमबीच अन्तरक्रिया र नियमित संवादको कार्यक्रमको व्यवस्था हुनुपर्छ । कृषिका कार्यक्रमहरुको प्रभावकारिता बढाउन कृषि पत्रकारसँगको समन्वयमा कृषि प्रसारका कार्यक्रम प्रभावकारी बनाइनु पर्छ ।

४. मन्त्रालयको सामाजिक सञ्जालमा गतिविधी निकै सुस्त देखिन्छ । किसानले सिधै गुनासो गर्न सक्ने गरि हटलाइनको व्यवस्था तथा फेसबुक, ट्वीटर लगायतका सामाजिक सञ्जालबाट सिधै गुनासो गर्न सकिने हलो सरकारको व्यवस्थाको कार्यान्यन गम्भीरतापूर्वक गर्नुपर्छ । सामाजिक सञ्जालमा सक्रियता बढाउनु पर्छ ।

५. नेपालको मिडियामा कृषि विधालाई प्राथमिकता दिँदै कृषिको रिपोर्टिङका लागि पत्रकारहरुको व्यवस्था गर्नेदेखि कृषि विधालाई नै प्राथमिकता दिएर सञ्चारमाध्यम सञ्चालनमा आईरहेका छन् । मन्त्रालयले पनि कृषि पत्रकार तथा मिडियालाई मित्रको रुपमा लिने संस्कार बसाउनुपर्ने देखिन्छ । कृषि विधाका सञ्चारकर्मीलाई क्षमता अधिवृद्धि र कृषिलाई प्राथमिकता दिएर सक्रिय रहेका मिडियालाई विज्ञापन लगायतमा प्राथमितामा राख्नु पर्छ ।

६. कृषिका संयन्त्रहरुले महत्वपूर्ण कार्य सम्पादन गरेको भए पनि किसानसम्म प्रविधि तथा सूचना पुऱ्याउन नसकेका कारण पनि कृषि विकासको गति सुस्त भएको, कृषिका पूर्व कर्मचारी, वैज्ञानिक तथा सरोकारवालाहरुको बुझाई । यस विषयलाई गम्भीरतापूर्वक लिँदै कृषि प्रसारको संयन्त्र सुदृढ गरिनुपर्छ ।

७. मुलुक संघीयतामा गए पनि कृषिका समस्या देखिय संघीय सरकारको मुख ताक्ने प्रवृत्ति अद्यावधिक छ । यस्तोमा संघीय मन्त्रालयले प्रदेश र स्थानीय सरकारसँग सहज समन्वयको संयन्त्र बनाई कृषिका कार्यक्रमहरुको प्रभावकारिता बढाउने, दोहोरोपना घटाउने र

आइपर्ने समस्यालाई आपसी समन्वय गरेर सुल्झाउनका लागि भूमिका खेल्नु पर्ने देखिन्छ ।

८. मुलुकमा वर्षेनी आइपर्ने बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोप, महामारी समेतमा सबैभन्दा बढी प्रभावित कृषक नै हुने गर्छन् । कृषकको अभिभावक मन्त्रालयको नाताले मन्त्रालयले यस्ता आइपर्ने समस्या सम्बोधन गर्न छुट्टै कोष तथा कार्यक्रमको व्यवस्था गर्नुपर्छ। तीनै तहका सरकारको कृषि संयन्त्रको समन्वयमा मात्र यस्ता विषयमा अध्ययन, अनुसन्धान र क्षतिपूर्ति तथा राहत कार्यक्रम अगाडि बढाउनु पर्छ। यस्ता समस्यामा परेका समस्यालाई गृह मन्त्रालय मातहतको निकायबाट दिइने राहत कार्यक्रमले कृषकको मर्म समेटेको पाइँदैन ।

९. मन्त्रालयले दुग्ध क्षेत्र, माछा-मासु, पोल्ट्री लगायतका क्षेत्रलाई आत्मनिर्भर तथा आत्मनिर्भर उन्मूख उपजमा लिएको छ। तर आत्मनिर्भर हुनुपर्ने क्षेत्रको मूल्य श्रृंखला नै खलबल भईरहने प्रवृत्तिलाई निरुत्साहित गर्न आवश्यक संयन्त्र परिचालन गरिनुपर्छ। अर्थतन्त्रमा योगदान गरिहेका चिया, कफि, अलैंची, अदुवा, गहुँ मकै, धान, दलहन, तेलहन, औद्यौगिक बाली लगायत सबैखाले उत्पादन वृद्धि र बजारको ग्यारेन्टी सहितको लागि मन्त्रालयले भूमिका खेल्नुपर्छ।

१०. कृषि यान्त्रिकरण, आधुनिकीकरण, वैज्ञानिकीकरणका नाममा गरिएको ठूलो लगानी उपयोग हुन नसकेको देखिन्छ । जनसंख्याको ५१ प्रतिशत भन्दा बढी संख्यामा रहेका साना किसानलाई अनुदानको मल, बीउ, सिँचाई, प्रविधि, प्राविधिकको सहज उपलब्धतामा मन्त्रालय केन्द्रीत हुनुपर्ने देखिन्छ ।

११. सुशासनका लागि मन्त्रालयले गम्भीरता देखाउनु पर्ने देखिन्छ । गतवर्ष खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र हालै मात्र कृषि सामग्री कम्पनीसमेतलाई अख्तियारले मुद्दा दायर गर्नु आफैमा सुशासनमाथिको प्रश्न हो । साथै भएकै संरचनाले पनि थप काम गर्न नपाई यसको असर कृषक समेतमा पर्नसक्ने अवस्थालाई पनि मध्यनजर गर्दै मन्त्रालय र मातहतका निकायमा सुशासन कायम गर्न मन्त्रालयले ठोस कदम चाल्नुपर्ने देखिन्छ ।

१२. मन्त्रालय अन्तर्गतका आयोजनाहरुको प्रगति सन्तोषजनक देखिदैनन् । मन्त्रालयको अनुगमन संयन्त्रको सक्रियता आवश्यक देखिन्छ । अनुगमनमा कडाई र आयोजनाहरुमा देखिएको समस्या समाधानमा मन्त्रालयको सक्रियताले मात्र लक्षित उद्देश्य हासिल गर्न सक्ने देखिन्छ। मन्त्रालय मातहतका सबै कार्यक्रमहरु उद्देश्य अनुरुप समयमै लक्षित उपलब्धी हासिल हुने व्यवस्था गरिनुपर्छ।

२०७८ फागुन २३ गते

*सुरेश कुमार यादव* — *सचिव*

*किरण आचार्य* — *अध्यक्ष*

# बी वाई २८ धानको क्षतिपूर्ति नदिए आन्दोलन गर्ने : अध्यक्ष दंगाल

काठमाडौं फागुन २७ गते अखिल नेपाल किसान महासंघको आयोजनामा माइतिघर मण्डलास्थित विरोध कार्यक्रमको आयोजना गऱ्यो ।

किसान महासंघको विरोध कार्यक्रममा बीउ बी-२८ धानमा भएका किसानलाई क्षतिपूर्ति देउ, गुणस्तरहीन सिफारिसकर्तालाई कारवाही गर, खाद्य सम्प्रभुत्ता कार्यन्वयन गर, मल विना कसरी खेती गर्ने, किसानमैत्री कृषि ऐन जारी गर, मैले गरेको उत्पादनले तिम्रो परिवार पालिन्छ तर मलाई किन उपेक्षा गरिन्छ। किसान महिलाको श्रमको कदर गर भन्ने नारा बोक्दै किसानहरुको तर्फबाट राष्ट्रिय किसान महासंघले विरोध कार्यक्रमको आयोजना गऱ्यो ।




कार्तिकको अन्त्यमा बाढीको कारण किसानहरुको धानबालीमा ठूलो क्षेति भएको छ । क्षेतिपूर्ति दिएको छैन । उत्यकामा २४४५ रोपनीको दाना नलागेको धानको १ करोड ७४ लाखमा क्षेतिपूर्ति दिनुपर्नेमा २२ सयका दरले ६० हजार मात्र भुक्तानी दिइएको छ। महासंघका महासचिव खड्प्रसाद खड्काले रोपेको धानमा दाना लागेन । सरकारले वेवास्ता गरियो भने नेपाली किसानलाई क्षतिपूर्ति दिलाई छोड्छौं । कुटो कोदालो लिएर सडकमा आउँछौं । सरकारले व्यापारीहरुलाई संरक्षण गरेको छ ।

मुख्य आयतकर्ता बीउ वितरक मधुसुदन श्रेष्ठले नेपाली जनता उचित कार्य गरेनन् । कारवाही गरियोस् ।

अखिल नपाल किसान महासंघको अध्यक्ष प्रेम दंगालले नेपाली किसानहरुको तर्फबाट सरकारलाई ध्याकर्षित गराउन आएको बताएका छन् । सरकारले एकपछि अर्को जनविरोधी क्रिया गरेको छ । हाम्रो महासंघ नेपाली किसानहरुको जीवकोपाजर्नका लागि संघर्षरत छौं । राजनीतिक परिवर्तन भएको छ । सरकार दलाल पुँजिपतिहरुको पक्षमा छन् । किसानले उचित मूल्य पाईरहेका छैनन् । किसानहरुले उत्पादन गरेको वस्तुको मूल्य तोक्न सकेको छैन । किसान कष्टकर जीवन व्यतित गर्न वाध्य छन् । मुलुकको उत्पादक शक्ति किसानलाई उपेक्षा गरेका छन् । मुलुकको उत्पादन वृद्धि गर्नु नेपाली किसानहरु छुन् । जसको नाममा जमीन छैन । उनीहरुलाई जमीन उपलब्ध गराउनु पर्छ ।

किसानहरुलाई विना धितो कर्जा उपलब्ध गराउन किसानहरुको ऋण मिनाह गर माग गर्दछौं ।

प्राकृतिक प्रकोपले किसानहरुले क्षेति बेहोर्नु परेको छ । राहतको प्याकेजहरु उपलब्ध गराएको छैन । मल ल्याउने निकाय निकम्म भएका छन् । मौसमी वर्षाले पारेको प्रकृति प्रकोपले किसानहरुले ठूलो नोक्सान बेहोर्नु परेको छ । मल ल्याउने निकाय निकम्मा भएका छैन । मल कारखाना स्थापना गरेर किसानहरुलाई देशभर सरकारले पशुधन किसानको ५ हजार जनामा पनि विमा गरेका छैनन् । खाद्य सुरक्षा, पूर्वाधार रुपान्तरण योजना सरकारलाई प्रस्तुत गरेका छन् । महासंघले राखको ११९ सुत्रीय माग पुरा गर्न आग्रह गर्छौं ।

किसानको माग पूरा नगरे ज्ञान केन्द्रमा तावावन्दी समेत गर्न वाध्य हुन्छौं ।

सरकारले कृषिको विषय विपद व्यवस्थापनमा लगेर थन्क्याउने काम गरेको छ । कर्मचारीलाई पेन्सन दिइन्छ तर किसानहरुको पेन्सन हुँदैन । किसानलाई पनि संस्थागत वैधानिक ढंगले अगाडि बढाऔं । किसानको सहभागीता जरुरी छ ।

**बाँकी २७ पृष्ठमा ......**

# एमसीसी देशको लागि राष्ट्रघात हो : श्रेष्ठ



*सम्झौतामा एमसीसीमा संलग्न पदाधिकारी वा व्यक्तिले जस्तोसुकै जघन्य अपराध गरेमा पनि नेपालको कानुन अनुसार कारबाही चलाउन नपाउने व्यवस्था छ । परियोजनाको आर्थिक हिसाब किताब नेपाल सरकार र महालेखा परीक्षकको कार्यालयले लेखा परीक्षण तथा नियन्त्रण गर्न पाउँदैन । आयोजनामा भ्रष्टाचार भएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कारबाही गर्न सक्दैन ।*

धनबहादुर मगर

काठमाडौं फागुन ७ अखिल नेपाल किसान महासंघ क्रान्तिकारी केन्द्रका अध्यक्ष चित्रबहादुर श्रेष्ठले प्रेस विज्ञाप्ति प्रकाशित नेपाल सरकारले मिलेनियम च्यालेञ्ज कम्प्याक्ट (एमसीसी)सँग गरेको सम्झौतालाई नेपाली जनभावना विपरीत असंवैधानिक र गैरकानुनी तरिकाले जबरजस्ती संसदमा लगी अनुमोदन गर्न लागिएको खबरले नेपालको दुईतिहाई जनसंख्या ओगट्ने नेपाली किसानहरुको लोकप्रिय संगठन (क्रान्तिकारी केन्द्र)को गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

विज्ञाप्तिमा आफ्नो इतिहासमा कहिल्यै पनि विदेशीहरूको उपनिवेश नरहेको नेपाल एक सार्वभौमसत्ता सम्पन्न, स्वतन्त्र र स्वाधीन मुलुक हो । नेपाली जनताको महान् त्याग, तपस्या र बलिदान, महान् जनयुद्ध तथा ऐतिहासिक दोस्रो जनआन्दोलनको प्रतिफलको रूपमा नेपाली जनताद्वारा निर्मित संविधान सभाद्वारा जारी गरिएको नेपालको संविधान देशको मूलकानुन हो, त्यो भन्दामाथि कोही व्यक्ति वा कुनै कानुन हुन सक्दैन । कुनै पनि विदेशी सहयोग, सम्झौता, दातृ निकाय वा राष्ट्र नेपालको संविधान र कानुनभन्दामाथि हुन सक्दैन । नेपालको परराष्ट्र नीति असंलग्नता र पञ्चशीलको सिद्धान्तमा आधारित भएकोले नेपाल कुनै देशको पक्षमा वा विपक्षमा तयार गरिएको विदेशी सैन्य गठबन्धन र रणनीतिमा संलग्न हुन सक्दैन भनिएको छ ।

कुनै पनि बाह्य राष्ट्र, तिनका पदाधिकारी, कुटनीतिज्ञ, निकाय, नियोग, संस्था वा अरु कसैलाई पनि सार्वभौम मुलुक नेपाल, यसका सार्वभौम जनता, राजनीतिक दलहरू र तिनका नेताहरूलाई धम्काउने, थर्काउने, तर्साउने वा अनावश्यक दबाब दिने अधिकार छैन र जुन कुटनीतिक मर्यादा विपरीत हो । नेपालको कुनै विदेशी राष्ट्रसँगको सम्बन्ध कुनै परियोजना भन्दामाथि छ, हुनेछ र रहनुपर्छ । यस्तो कुरा सम्बन्धित राष्ट्रहरूले बुझेका छन् र तिनका कुटनीतिक नियोग तथा विभिन्न संस्था एवं निकायमा रहेका पदाधिकारी तथा कर्मचारीहरू पनि सो कुरा बुझ्न योग्य र विवेकशील छन् भन्ने हाम्रो विश्वास छ ।

नेपाल आफ्नो संविधान, ऐन, नीति तथा कार्यक्रम र विकास परियोजनाहरू निर्माण गर्न, जारी गर्न, लागु गर्न र विदेशी सन्धि, सम्झौताहरू अनुमोदन गरी लागु गर्न वा अनुमोदन नगर्न पूर्ण रूपमा स्वतन्त्र छ । अन्य देशहरू अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धि, कानुन र संयुक्त राष्ट्रसंघका मूल्यमान्यता अनुरूप आफ्ना नेपाल सम्बन्धी नीतिहरू जारी गर्न र लागु गर्न अधिकार सम्पन्न छन् । त्यसका लागि कसैले पनि हामीलाई कुनै धम्की दिनु जरुरी छैन विज्ञाप्तिमा जनाएको छ । विश्व विजयमा निस्केको र हालका महाशक्ति कहलिएका राष्ट्रहरूसमेतमा आफ्नो उपनिवेश कायम गर्दै घाम नअस्ताउने साम्राज्य खडा गरेको बेलायती साम्राज्यवादलाई लँडाइको मैदान र कुटनीतिक क्षेत्र दुबैमा परास्त गरी आफ्नो सार्वभौमसत्ता रक्षा गरेको वीरतापूर्ण इतिहास भएको नेपालभित्र बन्दुकको बलमा शासन गरेका जहानियाँ राणाशाही, पञ्चायती तानाशाही र निरंकुश राजतन्त्रलाई परास्त गरेका नेपाली जनता कसैसँग झुक्दैनन्, डराउँदैनन् र तर्सदैनन् भन्ने कुरा सबैलाई ज्ञात हुनु जरुरी नभएको बताएको छन् ।

यसै सन्दर्भमा नेपाल सरकारले विगतमा मिलेनियम च्यालेञ्ज कम्प्याक्ट (एमसीसी) नामक अमेरिकी परियोजनाबाट सहयोग लिने गरी राष्ट्रिय हित विपरीत विवादित सम्झौता गरेको कुरा सबैलाई अवगत नै छ । एमसीसी विश्वव्यापीरूपमै विवादित एक अमेरिकी सहयोग संस्था हो । संसारका अधिकांश देशहरू यसका परियोजनामा सहभागी छैनन् भने श्रीलंका सहितका विभिन्न देशहरूले सम्झौता गरिसकेपछि पनि यसलाई लागु गर्न ठाडै अस्विकार गरिदिएका छन् । एमसीसी लागु भएका देशहरूले समेत उल्लेख्य आर्थिक प्रगति गरी गरिबी, बेरोजगारी र भोकमरीबाट मुक्त हुँदै समृद्धिको दिशामा अग्रसर भएको कुनै उदाहरण नभएको बताइएको छ ।

एमसीसी परियोजना नेपालको कानुन र संविधान भन्दामाथि रहने र देशको घोर अपमान हुने गरी तयार गरिएको छ । सम्झौतामा एमसीसीमा संलग्न पदाधिकारी वा व्यक्तिले जस्तोसुकै जघन्य अपराध गरेमा पनि नेपालको कानुन अनुसार कारबाही चलाउन नपाउने व्यवस्था छ । परियोजनाको आर्थिक हिसाब किताब नेपाल सरकार र महालेखा परीक्षकको कार्यालयले लेखा परीक्षण तथा नियन्त्रण गर्न पाउँदैन । आयोजनामा भ्रष्टाचार भएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कारबाही गर्न सक्दैन । एमसीसी परियोजनासँग बाझिने कुनै विकास परियोजना लागु गर्न नपाइने व्यवस्था गरी नेपालमा लागु हुने विकास परियोजनाहरूलाई नियन्त्रण गर्न र अन्य देशहरूले दिने परियोजनाहरूलाई असफल गराउने सर्तहरू अघि सारिएकोले देशको हित नगर्ने विज्ञाप्तिमा उल्लेख छ ।

विवादित विषयहरूमा अमेरिकाको वर्तमान र भविष्यमा जारी हुने कानुन लागु हुने व्यवस्था छ भने नेपालले यो सम्झौता लागु भएपछि अमेरिकी हित विपरीतका कुनै कार्य गर्न पाउने छैन भनी उल्लेख छ । तर ती अमेरिकी हित भनेका के हुन्, प्रष्ट छैन । हिन्द-प्रशान्त रणनीति (आइपीएस) मा जनवादी गणतन्त्र चीन र रुसी महासंघ लगायतका देशको आर्थिक तथा सामरिक शक्तिलाई रोक्ने र नेपालका अन्य विभिन्न मित्रराष्ट्रको नामै किटेर तिनका विरुद्ध गतिविधि सञ्चालन गर्ने कुरा उल्लेख छ भने यतिबेला अमेरिकाको जनवादी गणतन्त्र चीन र रुसी महासंघसँग विवाद बढिरहेको र

युद्धपूर्वको अवस्था सिर्जना भएको विज्ञाप्तिमा जनाएको छ ।

यस्तो अवस्थामा यो सम्झौताका सर्तहरू थप संवेदनशील रहेका छन् । नेपाल राष्ट्रको सार्वभौमसत्ता विपरीत अमेरिकी सरकारका पदाधिकारीहरू, कुटनीतिज्ञहरू र एमसीसीका पदाधिकारीहरुले देशका बहालवाला प्रधानमन्त्री, पूर्वप्रधानमन्त्रीहरू, राजनीतिक दलका नेताहरूलाई भेटेर र फोन मार्फत् धम्काएको, एमसीसी अनुमोदन नगरिएमा विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र अन्य द्वीपक्षीय तथा वहुपक्षीय ऋण तथा आर्थिक सहयोगबाट वञ्चित गरिने र नेपाल नीति पुनर्विचार गरिने र नेपालमा चिनियाँ हस्तक्षेप भएको मानिने सार्वजनिक धम्की दिएको कुरा घोर आपत्तिजनक छ ।

अमेरिकी कुटनीतिक नियोग र एमसीसीका पदाधिकारीहरूले नेपाल सरकारसँग असम्बन्धित तथा एमसीसीसँग प्रत्यक्ष सरोकार नभएका व्यक्तिहरूसँग आन्तरिक बैठकहरू गरी नेपाल सरकार, संसद र सांसदहरूलाई दबाब दिने तथा नेपालका राजनीतिक दलहरू र तिनका शीर्ष नेताहरूको विरुद्ध भ्रम छर्ने कार्य भइरहेको कुरा सार्वजनिक भएको छ, जुन निन्दनीय र भर्त्सना योग्य छ । नेपाली नागरिकता बोकेका ती साम्राज्यवादका पृष्ठपोषकहरू नेपाली जनताको अगाडि सर्वत्र नांगिएका छन्भने महान् नेपाली जनताले तिनको पहिचान गर्ने अवसर पाएका छन् ।

अर्कोतिर संयुक्त राज्य अमेरिकाले नेपालको छिमेकी राष्ट्र जनवादी गणतन्त्र चीनलाई घेरा हाल्ने, विखण्डित गर्ने र ध्वस्त गर्ने योजना अन्तर्गत हिन्द-प्रशान्त रणनीति (आइपीएस) अघि सारेको छ र एमसीसी त्यसको अंग भएको कुरा एमसीसीका पदाधिकारीहरूले नै नेपालमा आएर सार्वजनिक रूपमा बोलेको र ती कुराहरू नेपाली सञ्चार माध्यमहरूमा उच्च महत्वका साथ प्रकाशित तथा प्रसारित भएको कुरा सर्वविदितै छ । अमेरिकी सैन्य अधिकारीहरूले केपी ओली सरकारको पालामा नेपालमा आफ्नो स्थल सेनाको क्याम्प राख्न वार्ता भएको बताएका छन् । तसर्थ परियोजना सुरक्षाका नाममा अमेरिकी सैनिकहरूलाई नेपालमा भित्र्याउने र छिमेकी राष्ट्र चीनविरुद्ध गतिविधि गर्ने एवम् नेपाली कम्युष्टिहरूको विरुद्धमा चिली, इण्डोनेसिया, युगोस्लाभिया, इराक, अफगानिस्तान र सिरियामा जस्तै नरसंहार मच्चाउने कुरालाई पनि नकार्न सकिँदैन ।

कतिपय स्वघोषित विद्वानहरू यो सम्झौता विशुद्ध विकास परियोजना भएको भनिरहेका छन् । परन्तु नेपालमा विकास परियोजनाहरूलाई संसदबाट अनुमोदन गर्ने न कुनै कानुन छ, न त विगतको इतिहास नै । तर एमसीसीलाई संसदबाट अनुमोदन गर्ने प्रावधान राखिएको छ । अर्कोतिर केपी ओली नेतृत्वको प्रतिगामी सरकारको अग्रसरतामा संसदबाट सम्झौता अनुमोदन नहुँदै नेपाल सरकारको समानान्तरमा एमसीए कार्यालय खोली जग्गा अधिग्रहण लगायतका कामहरू गैरकानुनी र सम्झौता विपरीत सञ्चालन गरिएको छ । सम्झौताका सम्पूर्ण निर्माण कार्यहरू एमसीएले आफै ठेक्कामा लगाउने, परियोजना क्षेत्रमा सम्पूर्ण अधिकार कायम गर्ने र निर्माणको क्रममा प्राप्त हुने सम्पूर्ण वस्तुहरू तथा कच्चा पदार्थहरू बौद्धिक सम्पत्तिमा एमसीए (अमेरिका)को स्वामित्व स्थापित हुने कुरा व्यवस्था छ । यो परियोजना क्षेत्र युरानियम प्राप्त गर्न सकिने नेपालका विभिन्न स्थानहरूमा लागु गर्न लागिएको र अमेरिकी सरकारका पदाधिकारीहरूले यो सहयोग नभई लगानी हो भनेको कुरा यहाँ सर्वथा स्मरणीय छ । सम्झौता अवधिभर परियोजना क्षेत्रको सम्पूर्ण जमिन र जमिन मुनि एमसीएले पूर्ण अधिकार जमाउने व्यवस्था भएकोले यो घोर राष्ट्र र किसान विरोधी छ ।

ओली सरकारका परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले एमसीसी मुख्यालयमा पुगेर विभिन्न प्रतिवद्धता जनाएको र पदाधिकारीहरूसँग हात मिलाएका तस्विरहरू सार्वजनिक भएका छन् । अमेरिकी विदेश मन्त्रीसँग उनको भेटघाट पश्चात नेपाल हिन्द-प्रशान्त रणनीति (आइपीएस) को सदस्य राष्ट्र बन्न सहमत भएको कुरा अमेरिकी विदेश मन्त्रालयको आधिकारिक दस्तावेजमा प्रकाशित भएको थियो, जसको तत्कालीन प्रधानमन्त्री केपी ओली र तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली स्वयंले संसद वा सार्वजनिक सञ्चार माध्यम मार्फत आधिकारिक रूपमा खण्डन गरेका छैनन् । त्यसरी नै ओली सरकारका अर्थमन्त्री युवराज खतिवडाले अझ कडा, राष्ट्रहित विपरीत र जनविरोधी सर्तहरू राखिएका पूरक सम्झौताहरू गरेको र एमसीसी मुख्यालयमा सम्झौता आदान-प्रदान गरेका तस्विरहरू सार्वजनिक भएका छन् । ओली सरकारले आफ्नो प्रतिगामी सरकार टिकाउनका लागि यस्ता थुप्रै पूरक सम्झौता, लिखित प्रतिवद्धता र पत्रव्यवहार (लेटर अफ एक्सचेन्ज) गरेको कुरा सार्वजनिक भएको छ तर ती कुनै पनि पूरक सम्झौता र पत्र व्यवहार सार्वजनिक भएका छैनन् । यसले सम्झौता प्रति थप संशय पैदा भएको छ ।

यतिबेला एमाले अध्यक्ष केपी ओलीले चीनसँग 'एमसीसी पास गर्दैनौं, त्यसैका लागि संसद अवरोध गरेका हौं' भन्ने र अमेरिकीहरूसँग 'एमसीसी सभामुखले टेबल गरे उतिबेलै पास गर्ने' आश्वासन दिएको कुरा बाहिरिएका छन् । उनले 'आफू एमसीसीको पक्षमा भएको तर माओवादीका सभामुखहरूले एमसीसी रोकेको' भन्दै सार्वजनिक अभिव्यक्ति दिएको, विगतमा एमसीसी संसदमा प्रस्तुत गरेको र संसदमा टेबल गर्न पटक पटक सभामुखहरूलाई दबाब दिएको, संसदबाटै 'एमसीसीको विरोध गर्नेहरूले एमसीसी पढ्दै नपढेको' भन्दै देशभक्त नेपालीहरूलाई अपमान गरेको कुरा सर्वविदितै छ । त्यसैले हालसम्म पनि के.पी. ओली र नेकपा एमालेले एमसीसी सम्बन्धी आफ्नो धारणा सार्वजनिक गर्न सकेको छैन । यसले केपी ओली र नेकपा (एमाले) विचारको क्षेत्रमा टाट पल्टेको तथा सत्ता र पैसाका लागि जे पनि गर्न तयार सिद्धान्त-विचारविहीन गिरोहमा परिणत भएको पुष्टि भएको जनाएको छ ।

राष्ट्रघाती, जनघाती, मित्रघाती, विकासघाती र किसान विरोधी एमसीसी सम्झौता देशको दुईतिहाई जनसंख्या ओगट्ने किसानहरू र तिनको नेतृत्व गर्ने अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) का लागि मान्य हुन सक्दैन । नेपाल राष्ट्र र नेपाली जनताको हित रक्षाका लागि जुनसुकै मूल्य चुकाउन तयार रहेको प्रष्ट पार्दै नेपालको इतिहासमा किसान विरोधी कुनै पनि सरकार वा राजनीतिक दल टिक्न नसकेको कुरा राख्न चाहान्छौं भनिएको छ ।

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) र नेपाली किसानहरू एमसीसीलाई संसदमा पेश नगर्न र विनासर्त खारेज गर्न नेपाल सरकार समक्ष जोडदार माग गर्दछौं । नेपाली जनताले सांसदहरूलाई जनविरोधी, किसान विरोधी तथा राष्ट्रहित विपरीतका कामहरू गर्न निर्वाचित नगराएको कुरा स्मरण गराउँदै एमसीसीलाई बलजफ्ती संसदमा टेबुल गरिएमा जनताको जनप्रतिनिधि संस्थाको गरिमा जोगाउँदै त्यसको विरुद्धमा मतदान गरी त्यसलाई असफल पार्न र नेपाल राष्ट्रको शिर उँचो राख्न अपिल गरेको छ ।

# स्ट्रीट फुडको अनुगमन स्थानीय निकायले गर्छ

काठमाडौं फागुन ६ गते खाद्य तथा गुण नियन्त्रण विभागले आफ्नो त्रैमासिक कार्यविवरण पत्रकार सम्मेलनको आयोजना गरि सार्वजनिक गरिएको छ ।

उक्त पत्रकार सम्मेलनमा विभागका महानिर्देशक मटिना वैद्यले २२ वटै डिभिजन कार्यालयबाट ७७ वटै जिल्लामा विभाग उपस्थित भएर काम गरिरहेको बताउनु भयो । वैद्यले भनिन् 'अभेग जिल्लामा पनि हाम्रो



उपस्थित भएको बताउनु भएको छ ।' खाद्यवस्तु स्वास्थ उपभोग गर्ने वातावरण कसरी बनाउने भन्ने हो ।

स्क्रिनिङ्ग टेष्ट गर्दा उपभोग गर्ने अयोग्य भएको छ भने बिक्री गर्न पाइदैन । सबै उपभोग्य वस्तुमा पनि त्यही विधि हो ।

वैद्यले नक्कली महको सुराक प्रहरीको सुरक्षा निकायबाट आएको हो । इन्टेलिजेन्सको लागि प्रहरीसँग सहकार्य गर्ने भनिएको छ । फलफूल तरकारीलाई अदालतबाट जाँच गर्न जिम्मा विभागलाई दिइएको छ। त्यसलाई देशैभर परिक्षण गरिएको छ ।

टिआइएमा समेत ल्याब छ । पोष्ट बोर्डर कन्ट्रोल भईरहेको अवस्था छ । ३४० जना पदपूतिमा २४० जना पदपूर्ति भएको छ । खाद्य पदार्थ संवेदनशील भएकाले प्रदुर्शणको कारण हेभिमेटल आउन सक्छ ।। खाद्य वस्तुमा अधिकतम् हेभिमेटल कति छ भनेर जाँज गरिरहेको छ ।

फलफूल तथा तरकारकीको स्टेण्डर्ड राजपत्रिको प्रकाशित छिट्टै हुन्छ । अण्डाको पहैंलो भाग बोक्रा तिर टासिन आउँदा पूरानो भनेर थाहा पाउनु पर्छ । म्याद सकिएको वस्तुको कहिल्यै जाँच गरिदैन ।।

युनिलिभरको चिया नष्ट गरिएको बारे बताउँदै खाद्य प्रविधिले अन्तर्राष्ट्रिय कम्पनीमा समेत विभागले कारवाही गरेको अवस्था छ ।

मासु वधशालामानै काट्नु पर्छ । ४ डिग्री सेल्सियसमा डिफ्रिज गरेर मात्र उपभोक्तालाई बेच्नु पर्छ । खानयोग्य छ छैन भनेर पशुसेवा विभागबाट गरिने भएकाले भेटरीनरी डाक्टरको सिफारिसमा गरिन्छ । रयसलाई विभागले असल कृषि अभ्यासमार्फत गरिन भएकाले सचेत गराउने काम खाद्य प्रविधिले गरिएको छ । विभागका प्रवक्ता मोहनकृष्ण महर्जनले सिधै स्क्रिनिङ्ग टेष्ट गर्न हामीसँग व्यवस्था छैन । अहिले गरेको स्क्रिनिङ्ग टेष्ट पुरानै विधि हो । सिन्थेसिस प्यारामिटर टेष्ट गर्न प्रविधि हामीसँग प्रविधि छैन । रेड जोन र एलो जोन भनेर ८ विधिलाई माने छौं । सर्भिलेन्स टुल्समा अण्डाको लेभल लगाउनु नपर्ने भएकोले त्यस्को प्रोभिजन छैन । अजिनोमोटो ब्राण्डेड नाम हो । यसलाई एनएमसी मसला भनिन्छ । त्यो नेचुरल फुड हो । त्यस प्रकारको मसला १२ महिना मुनिका शिशुलाई खान दिनु हुँदैन । त्यसलाई नुन प्रयोग गरे जस्तै प्रयोग गर्ने हो ।

मोबाइल भ्यान अख्तियारबाट विशेष अदालतमा मुद्दा परेकोले विचारचाधीन अवस्थामा छ । कहिले सञ्चालनमा आउँछ थाहा छैन ।

दुषित भनेपछि स्वास्थको लागि हानीकारक नै हुन्छ । खाद्यको कुहिएको चामल सम्बन्धी मुद्दाको सवालमा पत्रकारहरुले सोधेको प्रश्नको उत्तरदिँदै महर्जनले भने पदाधिकारीबाट वयान लिएको अवस्था छ ।

स्ट्रीट फुडको अनुगमन स्थानीय निकायले हेर्ने हो । हामीले हेने भनेर स्पेसिफिक मापदण्ड बनाएको छैन । अनुगमन भएपनि स्थानीय निकायले नै हेर्ने गरिएको छ । त्यसलाई असल कृषि अभ्यास भनेर २ वर्ष अगाडि ५ सयभन्दा बढीलाई तालिम दिएको अवस्था छ ।

अर्गानिक पसल भोलुन्टरी नै हो । अर्गानिक भन्नको लागि अन्तर्राष्ट्रिय सर्टिफिकेशन नगरीकन अर्गानिक भन्न मिल्दैन । हामीले यसलाई असल कृषि अभ्यास भनिएको छ । स्थानीय रक्सी, ह्वीस्की, रम, जीन । व्यवसायिकको रुपमा आन्तरिक राजस्व विभागबाट हेर्ने गरिएको छ । लोकल रक्सीको मापदण्ड तोकेको छैन । तर पनि कानूनतः निषेध गरिएको छ । मासु जाँच ऐन पशु ऐन भित्र पर्छ। हामीले गुणस्तरको लागि मात्र अनुगमन गरिन्छ । कारवाहीको प्रक्रिया बढाउने अधिकार हामीसँग छैन ।

वरिष्ठ खाद अधिकृत किशोर खत्रीले विज्ञानले छुट्याएको विषयलाई मात्र गर्ने हो । प्रतिबन्धित विषादी हर्ने निकाय कृषि विभागमा छन् । अण्डा प्राइमरी उत्पादन भएकाले नेपालमा त्यस्तो व्यवस्था छैन । त्यसलाई क्लोरिनेशन गरेर उपभोक्तासम्म लैजाने व्यवस्था विदेशमा चाहीँ गरिएको पाइन्छ । जे पनि बढी खायो भने बढी डोज बढी भएर शरीरलाई असर गर्छ । नवलपरासीमा बँगुरको खुट्टा भाँचीएको सवालमा कार्बोहाइडेड बढी भएर भाँचीएको हुन सक्छ ।

काठमाडौंको धोबीखोला कोरिडरमा अधिकांश मासु पसल छन् । उपभोक्ता सचेत नभएसम्म राम्रो सफा र राम्रो गुणस्तरीय छुट्याउन सक्दैन । प्याकेटको खाना नहुने भन्ने होइन उपभोक्ता सचेत नभएसम्म सम्भव छैन ।

गुणस्तरीय मासु उपभोक्ता सामु पुऱ्याउन पर्छ भन्ने सचेतना व्यवसायीहरु त्यति छैनन् । सबैभन्दा कम कार्यन्वयन भएको क्षेत्र पनि यही हो । रोग लागेको छ छैन, खान योग्य छ छैन भनेर हेर्ने निकाय भेटरीनरीको हो ।

स्ट्रीट फुडको मापदण्ड कसरी तोक्ने भन्ने विषयको कुनै प्रावधाननै छैन । लिडले क्यान्सर बनाउन सक्छ । दीर्घकालीन असर गर्न सक्छ । अर्गानिक सर्टिफिकेशन गर्ने नेपालमा व्यवस्था छैन भएपनि अन्तराष्ट्रिय निकायले आएर गर्नु पर्छ । त्यस्तो व्यवस्था अष्टेलिया, क्यानाडा, जापानमा छ ।

हेभि मेटल प्रदुर्षक जसले शरीरलाई लिड, मर्करी, आर्सेनिक, भेनिगर जस्ता धातुहरु स्वास्थको लागि  हानीकारक हुनसक्छ ।

# खाद्य तथा गुण नियन्त्रण विभागको त्रैमासिक कार्यविवरण

*आर्थिक वर्ष २०७८/७९ को दोस्रो त्रैमासिक अवधिमा खाद्य/दाना उद्योग, होटल रेष्टुरेण्ट, राजमार्गका होटल अनुगमन तथा उजूरी उपर तत्काल सम्वोधन टोली (Rapid Response Team) मार्फत कारवाही लगायत जम्मा २,२७२ पटक र अर्धवार्षिक अवधिमा ३,९५२ पटक निरीक्षण अनुगमन गरिएको थियो । यस अवधिमा दूध तथा दुग्ध पदार्थ, प्रशोधित पिउने पानी, चामल, जुस तथा वेभरेज, पार्टी प्यालेसमा पकाएको मासुको स्वच्छता तथा गुणस्तर सम्बन्धमा उजुरीहरु प्राप्त भई तत्काल सम्वोधन गर्ने कार्य भएको ।*

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

**प्रेस विज्ञप्ति :**

आम उपभोक्ताको स्वास्थ्य र सुविधा कायम राख्न खाद्य तथा दाना ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन गर्दै खाद्य प्रविधिको विकास तथा खाद्यमा आधारित पोषणको सुधारका लागि विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन, खाद्य पदार्थको विश्लेषण परिक्षणका लागि विश्वसनीय प्रयोगशाला सेवा प्रदान गर्ने र स्वच्छ व्यापार तथा व्यवसायमा सहजीकरण गर्ने कार्य खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा मातहतका बिराटनगर, जनकपुर, हेटौंडा, भैरहवा, पोखरा, सुर्खेत, नेपालगञ्ज र धनगढी स्थित ८ वटा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरु; झापा, इनरुवा, धनकुटा, गाईघाट, राजविराज, मलंगवा, जलेश्वर, बीरगन्ज, भरतपुर, काठमाडौं, धुलिखेल, नुवाकोट, सिन्धुली, दमौली, बाग्लुङ, पाल्पा, तौलिहवा, दाङ, जुम्ला, दिपायल, डडेल्धुरा र बैतडी स्थित २२ वटा डिभिजन कार्यालयहरु र काँकडभिट्टा, बिराटनगर, जलेश्वर, त्रिभुवन विमान स्थल, तातोपानी, रसुवा, बीरगञ्ज, भैरहवा, कृष्णनगर, नेपालगञ्ज, धनगढी र कञ्चनपुर स्थित १२ वटा खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालयहरु गरी जम्मा ४३ कार्यालयहरुबाट हुँदै आएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा मातहतका कार्यालयहरुबाट आर्थिक वर्ष २०७८/७९ को दोश्रो त्रैमासिक तथा अर्धवार्षिक अर्थात् २०७८ श्रावण १ देखि पौष मसान्तसम्ममा सम्पन्न मुख्य मुख्य कार्यहरु र सोबाट हासिल प्रगति यस प्रकार रहेका छन् ।

**१. खाद्य उद्योग तथा बजार निरीक्षण अनुगमन र गुणस्तर नियमन कार्यक्रम :**

रु आर्थिक वर्ष २०७८/७९ को दोश्रो त्रैमासिक अवधिमा खाद्य तथा दाना बजार र उद्योग निरीक्षण अनुगमन गरी ऐन नियमानुसार १२८७ नमूनाहरु र अर्धवार्षिक अवधिमा जम्मा २,१२४ नमूनाहरु संकलन भएको थियो । दोस्रो त्रैमासिकमा संकलित नमूनाहरु मध्ये खाद्यान्न/दलहनजन्यका २८४ वटा, तेल तथा घ्युजन्यका १४९ वटा, फल तथा सागपात जन्य पदार्थका १०१ वटा, मसलाका ८० वटा, चिया कफिका घट वटा, दुध तथा दुग्ध पदार्थका १५ वटा, प्रशोधित पिउने पानीका ३९ वटा, गुलियो पदार्थका ३३ वटा, कन्फेक्सनरीका १२ वटा, मासु तथा मासुजन्य पदार्थ १० वटा, नूनका १२ वटा, अन्य खाद्य पदार्थ छठ वटा र दाना पदार्थ ७२ वटा गरि जम्मा ९०० वटा नमुनाहरूको विश्लेषण परिक्षण भएकोमा ७४ वटा (८.२२%) नमूनाहरुको परिक्षण प्रतिवेदन प्रतिकूल पाईएको थियो । सो मध्ये खाद्यान्नका २२ नमूनाहरु, प्रशोधित पिउने पानीका १५ नमुनाहरु, फल तथा सागपात जन्य पदार्थका ११ नमूनाहरु, दुध तथा दुग्ध पदार्थका ५ नमूनाहरु, तेल तथा घ्युजन्यका ३ नमूनाहरु, चिया कफीका ३ नमूनाहरु, मसला पदार्थका २ नमूनाहरु, मासु तथा मासुजन्य पदार्थको १ नमूना र दाना पदार्थका ४ वटा नमूनाहरु लगायतका अन्य खाद्य पदार्थका ८ वटा नमूनाहरू प्रतिकूल रहेका थिए ।



रु आर्थिक वर्ष २०७८/७९ को दोस्रो त्रैमासिक अवधिमा खाद्य ऐन तथा नियम अनुसार न्यूनस्तर तथा दूषित उत्पादन तथा बिक्रीवितरण गरेको कसूरमा ११ थान मुद्दाहरु र अर्ध वार्षिक अवधिमा जम्मा ३८ थान मुद्दाहरु विभिन्न जिल्ला प्रशासन कार्यालय तथा जिल्ला अदालतमा दायर गरिएको थियो । दायर गरिएका मुद्दा मध्ये दुध तथा दुग्ध पदार्थका १३ वटा, मसला पदार्थको ५ वटा, प्रशोधित पिउने पानीको ५ वटा, खाद्यान्न एवं दलहन तथा सोबाट बनेको पदार्थ ५ वटा, चियाका ४ वटा, महको १ वटा, सोयाससको १ वटा, तेलको १ वटा, दाना पदार्थको ३ वटा गरी जम्मा ३८ वटा खाद्य तथा दाना पदार्थका रहेका थिए । उक्त ३८ थान मुद्दाहरुमध्ये १९ वटा मुद्दाहरु दुषितका, १० वटा मुद्दाहरु न्यून् गुणस्तरका, १ वटा मुद्दा अनुज्ञापत्र नलिकन कारोवार गरेको, र ७ वटा मुद्दाहरु लेवल लगायतका विवरण नमिलेका तथा १ वटा मुद्दा खाद्य ऐन नियम निर्देशिका उलंघन सम्बन्धी थिए । खाद्य ऐन, २०२३ बमोजिम दूषित, न्यून्गुणस्तर तथा झुक्यानमा पारेका मुद्दाहरु सम्बन्धित जिल्ला अदालतमा र अन्य मुद्दाहरु सम्वन्धित जिल्ला प्रशासन कार्यालयहरुमा दायर हुने व्यवस्था रहेको छ ।

रु विभाग तथा मातहतका कार्यालयहरुबाट खाद्य स्वच्छता सर्भिलेन्सका अन्तर्गत दोस्रो त्रैमासिक अवधिमा १९३ वटा र अर्धवार्षिक अवधिमा ३२६ वटा नमुनाहरू संकलन गरिएको थियो ।

रु आर्थिक वर्ष २०७८/७९ को दोस्रो त्रैमासिक अवधिमा खाद्य/दाना उद्योग, होटल रेष्टुरेण्ट, राजमार्गका होटल अनुगमन तथा उजुरी उपर तत्काल सम्वोधन टोली (Rapid Response Team) मार्फत कारवाही लगायत जम्मा २,२७२ पटक र अर्धवार्षिक अवधिमा ३,९५२ पटक निरीक्षण अनुगमन

गरिएको थियो । यस अवधिमा दूध तथा दुग्ध पदार्थ, प्रशोधित पिउने पानी, चामल, जुस तथा वेभरेज, पार्टी प्यालेसमा पकाएको मासुको स्वच्छता तथा गुणस्तर सम्बन्धमा उजुरीहरु प्राप्त भई तत्काल सम्वोधन गर्ने कार्य भएको ।

- खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, हेटौंडाले यूनिलिवर नेपाल लिमिटेडको उपभोग्य मिति समाप्त भएका, लेवलको विवरण नभएका र लेवलको विवरण केरमेट भएका जम्मा २,२५८ बोरा (७२, ८५६ के. जी., अन्दाजी बजार मूल्य: ४ करोड ७५ लाख रुपैयाँ) चिया खाद्य ऐन तथा नियमानुसार कारवाही स्वरुप शिलवन्दी गरी मिति २०७८/९/१९ गते श्री जिल्ला प्रशासन कार्यालय, मकवानपुरको फैसला बमोजिम जफत गरी नष्ट गरिएको ।

- महको गुणस्तर सम्बन्धमा जनचासो तथा विभिन्न मिडियामा आएको सूचनालाई तत्काल सम्वोधन स्वरुप विभाग तथा मातहतका कार्यालयहरुबाट मह प्रशोधन उद्योग तथा बजारमा निरिक्षण अनुगमन गरि २९ वटा नमूनाहरु संकलन भई विश्लेषण तथा निरिक्षण अनुगमन कार्य जारी रहेको । साथै विभागले नेपाल प्रहरी समेतको सहकार्यमा महको गुणस्तर सम्बन्धमा विशेष अनुसन्धान गरिरहेको ।

- यस दोस्रो त्रैमासिक अवधिमा २३२ उद्योगलाई नयाँ अनुज्ञापत्र जारी, ६६० उद्योग अनुज्ञापत्र नवीकरण तथा ४२५ नयाँ उद्योग स्थापना गर्न सिफारिश गरिएकोमा अर्धवार्षिक अवधिभरमा ४०१ उद्योगलाई नयाँ अनुज्ञापत्र जारी, १,०६२ उद्योग अनुज्ञापत्र नवीकरण तथा १,२०४ नयाँ उद्योग स्थापना गर्न सिफारिस गरिएको छ ।

२. खाद्य आयात निर्यात नियमन कार्यक्रम :

- खाद्य आयात निर्यात निरीक्षण तथा गुण प्रमाणिकरण प्रणाली सम्बन्धी निर्देशिकाले व्यवस्था गरे अनुरूप आयात गर्नुपूर्व अनिवार्य रूपमा अनुमति लिनुपर्ने भनी व्यवस्था गरिएका विभिन्न खाद्य पदार्थहरूको आयात अनुमति लिने क्रममा आर्थिक वर्ष २०७८/७९ को दोस्रो त्रैमासिक अवधिमा जम्मा ३,२६० आयात अनुमति जारी गरिएको थियो । अर्धवार्षिक अवधिमा ९,६९८ आयात अनुमति जारी गरिएको थियो । यसै क्रममा दोस्रो त्रैमासिक अवधिमा आवश्यक कागजात पूरा नभएका तेल, मह, मसला, कन्फेक्सनरी, केराउ एवं आयात रोक्का गरेका सिन्थेटिक पेय पदार्थ लगायतका विविध खाद्य पदार्थहरु गरि जम्मा १८ खाद्य पदार्थका कन्साइन्मेन्टहरुको अनुमति अस्विकृत गरिएको थियो भने अर्धवार्षिक अवधिमा ७८ खाद्य पदार्थका कन्साइन्मेन्टहरुको अनुमति अस्विकृत गरिएको थियो । खाद्य पदार्थको आयात अनुमति पत्र जारी गर्ने कार्य नेपाल राष्ट्रिय एकद्वार प्रणाली (Nepal National Single Window) बाट अनलाइन मार्फत सेवा दिने कार्य भैरहेको छ । दोस्रो त्रैमासिक अवधिमा १२ वटा विभिन्न नाकामा रहेका खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालयहरुमा १६,१११ वटा नमूनाहरू प्राप्त भई सोको जाँच विश्लेषण गरी नियमन गरिएको थियो । अर्धवार्षिक अवधिमा ३१,९२८ वटा नमूनाहरू प्राप्त भई सोको जाँच विश्लेषण गरी नियमन गरिएको थियो । यसरी आयात हुने खाद्य पदार्थको प्रि-बोर्डर, बोर्डर तथा पोष्ट बोर्डर नियमन गर्ने प्रावधान रहेको ।

- दोस्रो त्रैमासिक अवधिमा विभागबाट दूध तथा दुग्ध पदार्थ, मसला पदार्थ, चिया तथा कफी, मुसुरोको दाल, फ्रुट जुस, खाद्यान्न दलहन तथा सोबाट बनेका खाद्य पदार्थ गरि ४६ वटा खाद्य पदार्थको गुणस्तर प्रमाणिकरण गरि विभिन्न देशहरुमा निर्यातका लागि सहजीकरण गरिएको ।

**३. खाद्य स्तर निर्धारण कार्यक्रम :**

आर्थिक वर्ष २०७८/७९ को दोस्रो त्रैमासिक अवधिमा खाद्य ऐन अनुरुप निम्न विषयहरुको अनिवार्य गुणस्तर मापदण्डका मस्यौदाहरु तयारी प्रकृया रहेको ।

१. विभिन्न खाद्य पदार्थमा हेभिमेटलको अधिकतम् मात्रा
२. विभिन्न खाद्य पदार्थमा शुक्ष्म जीवाणुहरुको मापदण्ड
३. खाद्य ऐन तथा नियमावली वमोजिम गठित खाद्य स्तर निर्धारण समितिबाट नेपालमा उत्पादन हुने तथा विदेशबाट आयात गरिने अधिकांस फलफूल तथा तरकारीहरुमा जीवनाशक विषादीको अवशेषको अधिकतम् मात्रा (Maximum Residue Limits, MRLs) स्वीकृति भई नेपाल राजपत्रमा प्रकाशनका लागि ६० दिनका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट WTO SPS Notification जारी भएको ।

नेपाल सरकारले हालसम्म १३५ वटा विभिन्न खाद्य पदार्थहरुको अनिवार्य गुणस्तर मापदण्ड निर्धारण गरी नेपाल राजपत्रमा प्रकाशित भै कार्यान्वयनमा रहेको अवस्था छ ।

४. प्रयोगशाला सुदृढिकरण तथा प्रयोगशाला सेवा सम्बन्धी कार्यक्रम :

क. प्रयोगशाला सुदृढिकरण

- विभागको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालालाई रासायनिक, जीवनाशक विषादीको अवशेष, माइकोटक्सिन, हेभि मेटल तथा सूक्ष्मजैविक विषयगरी विभिन्न २६ खाद्य पदार्थहरुका १०१ प्यारामिटरहरुमा नयाँ सस्करण ISO-IEC 17025M2017 अनुरुप अन्तर्राष्ट्रिय मान्यता प्राप्त हुने गरी प्रयोगशाला प्रत्यायन गर्ने कार्य भएकोमा खाद्य पदार्थको निर्यातमा सहजीकरणका लागि विभाग अन्तर्गत राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालाबाट Food additives, Contaminants, Heavy Metals, Pesticide Residues -Organochlorine, Organophosphorus, Synthetic pyrethroids, & Carbamates) लगायतका १६९ वटा थप प्यारामिटरहरुमा एक्रेडिटेशनको क्षेत्र विस्तारका लागि निवेदन दिने कार्य सम्पन्न गरि एक्रेडिटेशन प्रदायक संस्था NABL, India बाट प्रमाणिकरणका लागि तयारी कार्य भैरहेको ।

- खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, बिराटनगर अन्तर्गतको प्रयोगशालाको विभिन्न खाद्य पदार्थहरुको Chemical तथा Microbiological प्यारामिटरहरुमा ISO-IEC 17025M2017 अनुरुप अन्तर्राष्ट्रिय मान्यता प्राप्त हुने गरी प्रयोगशाला प्रत्यायनको लागि तयारी पूरा भएको ।

- COVID–19 को कारण लकडाउन हो
- COVID–19 को कारण लकडाउन हुँदा पनि प्रयोगशाला सेवा अविछिन्न रुपमा सुचारु गरिएको ।
- प्रयोगशाला सेवा २४ घण्टा संचालन गर्नेगरी कार्यक्रम प्रस्ताव मन्त्रालय लगिएको ।
- PTB Germany को सहयोगमा प्रयोगशाका महत्वपूर्ण उपकरणहरु LCTQ को मर्मत र AAS graphite furnace को केही Accessories प्राप्त गरेको ।
- ADB को सहयोगमा प्रयोगशालामा Synthetic pyrethroids group को विषादी विश्लेषण क्षमता विकास गरिएको ।
- Heavy metal analysis लगायत अन्य Minerals analysis को लागि ICP-MS मा विश्लेषण विधि विकास गरिएको ।
- Carbonates group का विषादीहरुको LCTQ द्वारा Method Develop गरिदै ।
- Microbiology in water, Black pepper, Breakfast cereals,

Pesticides (OC) को PT मा भाग लिई Z–score सन्तोषजनक रहेको ।
- हालसालै Desktop Surveillance मार्फत सन् २०२२ को जनवरी सम्मको लागि Accreditation को म्याद थप गरिएको ।
- Accreditation को म्याद थप गरिएको ।
ख. प्रयोगशाला जाँच विश्लेषण सेवा :
यस दोस्रो त्रैमासिक अवधिमा विभागको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशाला तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरूका प्रयोगशालाहरूबाट खाद्य ऐन नियम कार्यान्वयनका क्रममा संकलित नमूना, खाद्य उद्योग अनुज्ञापत्रका लागि संकलित नमूनाहरु लगायत सेवाग्राहीहरूबाट अनुरोध भई आएका गरी जम्मा ६,२८६ वटा नमूनाहरू तथा आयात निर्यात नियमन अन्तर्गत १६,१११ वटा नमूनाहरू गरी कूल २२,३९७ वटा नमूनाहरु प्रयोगशाला जाँच परिक्षण गरिएको थियो । अर्धवार्षिक अवधिमा कूल ४२,८७० वटा नमूनाहरू प्रयोगशाला जाँच परिक्षण गरिएको थियो ।
५. आयातित तरकारी तथा फलफूलमा जीवनाशक विषादीको द्रुत परिक्षण कार्यक्रम :
नेपालमा आयात हुने तरकारी र फलफूलमा जीवनाशक विषादीको अवशेषको विश्लेषण परिक्षण कार्य विगतमा केन्द्रिय कृषि प्रयोगशाला अन्तर्गतको Rapid Bioassay या Pesticide Residue (RBPR) परिक्षण इकाईबाट हुने गरेकोमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको निर्देशानुसार सो विश्लेषण परिक्षण कार्य २०७८ कार्तिक १ गतेबाट खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट गर्ने भएकोले विभाग अन्तर्गत कार्यालयहरु: खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालय, काँकडभित्ता; खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालय, बिराटनगर; खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालय, जलेश्वर; खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालय, बीरगन्ज; खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भैरहवा; खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, नेपालगञ्ज; र खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, धनगढीबाट RBPR मेशिनहरुको व्यवस्था तथा जनशक्तिहरुलाई तालिम सञ्चालन गरी कार्तिक १ बाटै नै कार्य प्रारम्भ गरि यस दोश्रो त्रैमासिक अवधिमा जम्मा १८,८२६ वटा नमूनाहरु परिक्षण गरि प्रमाणिकरण कार्य भएकोमा जुनार, केरा, चुकन्दर, चिकु तथा आलुका ९ वटा नमूना पहैंलो जोन तथा ६ वटा नमूना रेड जोनमा रहेको पाईएको प्रतिवेदन सम्बन्धित भन्सार कार्यालयमा पठाएको ।
६. खाद्य प्रविधि विकास तथा पोषण सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम :
- खाद्य प्रशोधन प्रविधि तालिम
दश जिल्लाका २४ जना (२० जना महिला र ४ जना पुरुष) लाई खाद्य प्रशोधन प्रविधि सम्बन्धी तालिम एक हप्ते तालिम सञ्चालन गरिएको ।
**- पोषण परिकार विकास :**
स्थानीय लगायत नेपालमा उत्पादित विभिन्न २० किसिमका चामलहरुको Amylose Content अध्ययन अनुसन्धान कार्य भैरहेको ।
- पोषण विश्लेषण तथा फुड कम्पोजिशन टेवलको अद्यावधिक
दोस्रो त्रैमासिक अवधिमा नेपालको जनजाती विशेष नेवारी खाजाको पौष्टिक तत्व विश्लेषण गरि प्रोफाइलिङ्ग अध्ययन कार्य गरेको थियो । विभिन्न खाद्य पदार्थहरुको पौष्टिक तत्व विश्लेषण गरी फुड कम्पोजिशन टेबलको अद्यावधिकको लागि कार्य भैरहेको साथै निर्यातयोग्य खाद्य पदार्थको पौष्टिक तत्व विश्लेषण सेवा प्रदान गरिएको थियो । उक्त कार्यक्रमहरुबाट विभिन्न ५० किसिमका खाद्य पदार्थहरुको पौष्टिक तत्व विश्लेषण कार्य सम्पन्न गरिएको थियो । साथै खाद्य प्रविधि तथा पोषण प्रयोगशाला म्यानुयल तयार गरि छपाई कार्य गरेको ।
COVID–19 को कारण जनजीवन असहज हुँदा पनि आवश्यकता अनुसार निरिक्षण अनुगमन, प्रयोगशाला सेवा तथा नियमन कार्यहरु निरन्तर रुपमा सुचारु रहेको । अन्त्यमा, खाद्य स्वच्छता तथा गुणस्तर सम्वन्धी विभिन्न समाचार सामाग्री महत्वका साथ प्रकाशन तथा प्रसारण गरी आम उपभोक्ताहरुलाई सुसूचित गर्न पत्रकार मित्रहरुले पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दै आगामी दिनमा पनि आम उपभोक्ता वर्गमा जनचेतना जगाउने कार्यमा सहयोग प्राप्त हुने विभागले आशा एवम् विश्वास लिएको छ ।
धन्यवाद ।
*मोहन कृष्ण महर्जन*
*प्रवक्ता*
*२०७८।११।०६*

# स्थानीय जातका माछाहरुको संरक्षण गरौं



स्थानीय जातका माछाहरुको संरक्षण गरौं । माछा पालन तर्फ अभिप्रेरित होहौं ।
- प्रकृति जल सम्पदा हामी नेपालीको अमूल्य सम्पत्ति हो यसको संरक्षण गरौं ।
- स्थानीय माछाहरुको संरक्षण गरौं : जलीय वातावरणलाई जोगाऔं ।
- जलीय जैविक विविधता कायम गरी स्थानीय माछाको संरक्षण गरी नदीहरुमा मत्स्य उत्पादनमा वृद्धि गरौं ।
- स्थानीय माछाको संरक्षण तथा सम्वर्द्धनको लागि सबै मिली जनचेतना अभिवृद्ध कार्यक्रमलाई बढावा दिऔं ।
- नदी, खोला, नाला, ताल, तलैया, रिजभ्वाएरहरुमा विषादी, करेन्ट, पासो, प्रयोग गरी माछा मार्नु दण्डनीय हो । यसलाई बन्द गरौं ।
- विषादी प्रयोगबाट मारिएका माछा नखाऔं यसले मानव स्वास्थ्यमा प्रतिकुल असर पार्दछ ।
वर्षायाममा माछाको प्रजनन् हुने भएकाले खोलाको मुहान तथा दोभानहरुमा जाल नथापौं ।
- मत्स्य जैविक विविधताको संरक्षण एवं सम्वर्द्धनको पक्षलाई सुदृढ बनाउन माछाहरुको प्रजनन् प्रकृयामा वाधा नपुऱ्याऔं ।
- नदीमा वहने पानीलाई कुनै प्रतिकुल प्रभाव नपारी यथास्थितिमा वा नदी, खोलाको रुवरुपमा सामन्य फेरबदल गरी समुहगत रुपमा माछापालन तर्फ अग्रसर होऔं ।
भुसुना तथा पेटमा फूल भएका माछाहरु नमारौं । यस्ता कार्यलाई निरुत्साहित गरौं ।
- जलचर संरक्षण ऐनको सबैले पालना गरौं ।
१. नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालय चिसो पानी मत्स्या विकास केन्द्र,
२. साझेदारी संस्था एम एस नेपाल (डेनिस)

# नेपालबाट कृषि प्रशिक्षार्थी इजरायलको लैजाने प्रतिवद्धता

काठमाण्डौ फागुन १९ नेपालका साना किसान कृषि सहकारी संस्था लि. का सदस्यका युवा



छोराछोरीहरुलाई प्रशिक्षार्थी कृषि अध्यायनका लागि इजरायल पठाउन नेपाल स्थित इजरायली राजदुतावासले सहयोग गर्ने प्रतिवद्धता जनाएको छ ।

साना किसान लघुवित्त वित्तीय संस्था लि.एंव नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.का अध्यक्ष खेम बहादुर पाठक, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.का प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइराला, डिसिइयो डा.नवराज सिम्खडा र डिसिईयो झलेन्द्र भट्टराई सँगको भेटमा इजरायली राजदूत हानान गोडरले कोरोना भाइरस कोभिड १९ को कारण केही समयदेखी रोकिएको कृषि प्रशिक्षार्थी पठाउन आफु प्रतिवद्ध रहेको बताउनुभएको छ । गोडरले नेपाली साना किसान सदस्यहरुको जीवन रुपान्तरणका लागि कृषि र पशुपालनमा आधारित प्रशिक्षार्थी नेपालबाट पठाउने कार्यले नेपालको आर्थिक सामाजिक रुपान्तरणमा खेलेको भूमिकाले आफुहरुलाई खुसी लागेको बताउनुभयो । नेपालका ७५ भन्दा बढि जिल्लामा साना किसान सञ्जाल रहेको यस साना किसान अभियानसँग जोडिएर गाउँतहका साना किसान सदस्यहरुलाई कृषि उत्पादनका लागि प्रविधिको सहयोग गर्न पाउँदा आफुहरुलाई खुसी लागेको बताउनुभयो । नेपालबाट प्रशिक्षार्थीका रुपमा इजरायल गएर १० महिना कृषिको अभ्यास र अध्यायन गरेर फर्केका धेरै युवाहरु अहिले व्यवसायी बनिरहेका छन् । नेपालमै सम्भावनाको ढोका खोलीरहेका छन् । भेटघाटका क्रममा साना किसान लघुवित्त वित्तीय संस्था लि.एंव नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. का अध्यक्ष खेम बहादुर पाठकले कृषि तथा पशुजन्य उत्पादनमा युवा किसानहरुले खेलेको भूमिका प्रशंसा गर्न लायक रहेको बताउनुभयो । नेपालका युवाहरुलाई इजरायलले प्रशिक्षार्थी विधार्थीका रुपमा अवसर दिएर नेपालका किसानहरुलाई ठूलो गुन लगाएको बताउनुभयो । इजरायल सरकार र नेपाल स्थित इजरायली राजदूतावास एंव राजदूत हानान गोडरले खेल्नुभएको भूमिका महत्वपूर्ण रहेको भन्दै अध्यक्ष पाठकले सम्पूर्ण नेपालका किसानहरुको तर्फबाट धन्यवाद व्यक्त गर्नुभयो । उहाँले नेपाल र इजरायलबीचको सम्बन्ध सुधारका लागि समेत कृषि अध्यायनका लागि विधार्थी इजरायल पठाउने कार्यक्रमले सहयोग पुगिरहेको बताउनु भएको छ । इजरायलमा प्रयोग भएको नविनतम् प्रविधिलाई नेपालमा भित्र्याउन यस कार्यक्रम महत्वपूर्ण रहेको बताउनुभयो । उँहाले पूर्व मेची देखी पश्चिम महाकाली सम्मका युवा किसानहरुलाई समेट्दै यो कार्यक्रममलाई अझै व्यापक बनाउनुपर्नेमा जोड दिनुभयो । इजरायले प्रदान गरेको यो अवसरका कारण नेपालका गरिब, विपन्न, दलित, महिला, अल्पसंख्याक लगायतको जीवन परिवर्तनमा ठूलो सहयोग पुगेको अध्यक्ष पाठकले बताउनुभयो ।

अहिले इजरायलबाट नेपाल फर्केका युवाहरुले देशकै लागि नमुना योग्य कृषि गरिरहेको स्मरण गर्दै अध्यक्ष पाठकले सरकारले पनि यस कार्यक्रमलाई साथ दिनुपर्नेमा जोड दिनुभयो ।

इजरायलबाट सिप सिकेर फर्केका धादिङको जीवनपुरका युद्ध न्यौपानेले अहिले वार्षिक एक करोड बरावरको तरकारी बिक्री गरिरहनुभएको छ । यसैगरी धादिङकै नौबिसेका देवराज आचार्यले पनि उदाहरणीय तकारी खेती गरिरहनुभएको छ । यसैगरी तनहुँको बाखा फार्म, रुपन्देहीको सिर्जना चौधरीले गरेको माछा पालन व्यवसाय, झापाका चन्द्र बस्नेतको कृषि कर्म लगाएत यस्तै धेरै युवाहरुको कृषि तथा पशुपालनको कर्म हेर्न लाएक रहेका छन् । इजरायली प्रविधिको सहयोगमा अहिले नेपालमा धेरै युवाहरु व्यवसायी बनिसकेका छन । यसैगरी धेरै युवाहरु इजरायलबाट सिप सिकेर नेपाल फर्केकाहरुबाट प्रेरित भएर कृषि कर्ममा राम्रो आम्दानी गरिरहेका छन् ।

कार्यक्रमलाई नियमित गर्ने र थप कोटा बढाउने बताउनुभएका नेपालका लागि इजरायली राजदूत गोडरले यस अघि पनि नेपालका लागि राजदूत भईसक्नुभएको थियो । नेपाल मामिला बारे राम्रो जानकारी राख्ने राजदूत हानान गोडर कै अग्रसरतामा नेपालका साना किसानका छोराछोरीहरुलाई १० महिने प्रशिक्षार्थी कामदारका रुपमा इजरायल पठाउने कार्यको थालनी भएको थियो ।

# नगरिकले परिवर्तन महशुस गर्ने गर्न आग्रह

फागुन ९ / भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले नागरिकप्रति उत्तरदायी र जिम्मेवार भएर काम गर्न भूमि व्यवस्थापन तथा अभिलेख विभागलाई निर्देशन दिनु भएको छ ।

भूमि व्यवस्थापन तथा अभिलेख विभागको आज अनुगमन तथा निरीक्षण गर्दै मन्त्री श्रेष्ठले मालपोत कार्यालयहरुप्रति जनतामा बसेको छविसँग मन्त्रालय र सरकारको पनि छवि जोडिएकाले यसमा सुधार गर्न इमान्दार भएर काममा लाग्नु आवश्यक रहेको बताउनु भयो । मन्त्री श्रेष्ठले मालपोत लगायतका कार्यालयहरु नागरिकसँग प्रत्यक्ष जोडिएको सेवा प्रदायक संस्था भएकाले जनताले परिवर्तन महशुस गर्ने र देखिने गरी काम गर्न विभागलाई निर्देशन दिनुभयो ।

विभागले नागरिकका पक्षमा काम गर्दा आइपर्ने नीतिगत र व्यवहारिक समस्या छन् भने त्यो समाधान गरेर कानुनी व्यवधान फुकाउन मन्त्रालय सधैव तयार रहेको पनि मन्त्री श्रेष्ठले बताउनु भयो ।

मन्त्री श्रेष्ठले देशभरका मालपोत कार्यालयहरुमा प्रविधिको उच्चतम प्रयोग गरी सेवालाई चुस्त दुरुस्त बनाउने, भूमिको दोहन नियन्त्रण गर्ने तथा सरकारी र सार्वजनिक जग्गाको संरक्षण गर्ने विषयमा कुनै कसर नरहने गरि काम गर्न समेत विभागलाई निर्देशन दिनुभयो ।

# भारतमा कृषि जैविक विविधता

*विजन संग्रहले अस्तित्वमा रहेको कृषि सम्पदाको महत्वपूर्ण अंशको प्रतिनिधित्व गर्दछ । जुन लगभग १० हजार वर्षको मानवीय प्रयोगका लागि भएको रोप्ने, जोत्ने र अन्नहरूको प्रजनन् गर्दै प्रकृयाको धरोहर हो । कृषि क्षेत्रमा नवीनता विकसित गर्न विधि अन्नको संकलनलाई महत्वपूर्ण मानिन्छ । यिनीहरूविना कृषि उत्पादनमा ह्रास आउने अनि किसानको खेतमा कीरा लाग्ने र रोगले सताउने कुरामा मात्र केही दशकको विषय हुन जान्छ ।*

भारत

रैथाने बीउ संरक्षण

१. बीउ संरक्षण

**परिचय :**

संसार भरिका आदिवासी समुदायसँग जैविक स्रोतको प्रशस्त ज्ञान हुन्छ । जसले तिनलाई प्रकतिबाट जीविकोपार्जन प्राप्त गर्न सक्षम बनाउँछ । तैपनि विविध पर्यावरण तथा परम्परागत जीवन पद्दती भएका धेरै ग्रामीण समुदायहरू लोप हुने खतरामा छन् । आधुनिकीकरण, औद्योगिकीकरण, कृषिमा हुने मोनोकल्चर, अधिक रासायनिक मलको प्रयोग तथा सहरीकरणले प्राकृतिक स्रोतहरूलाई खतरामा पार्ने काम गरेका छन् ।

खाद्य उत्पादनका लागि वानस्पतिक स्रोतहरु आवश्यक हुन्छ । यस्तो स्रोतहरूको प्रजनन् विविधताले प्रजातिहरूलाई नयाँ वातारणमा घुमिल हुन नयाँ कुराहरू बदलिंदो हावापानीमा बाँच्न सहयोग पुऱ्याउँछ । बीऊ बैंक जसलाई प्राय जीन बैंक पनि भनिन्छ । एक महत्वपूर्ण औजार हो जसले विविध विजनहरूलाई बचाई लोप हुनबाट संरक्षण गर्दछ । विजन संग्रहले अस्तित्वमा रहेको कृषि सम्पदाको महत्वपूर्ण अंशको प्रतिनिधित्व गर्दछ । जुन लगभग १० हजार वर्षको मानवीय प्रयोगका लागि भएको रोप्ने, जोत्ने र अन्नहरूको प्रजनन् गर्दै प्रकृयाको धरोहर हो । कृषि क्षेत्रमा नवीनता विकसित गर्न विधि अन्नको संकलनलाई महत्वपूर्ण मानिन्छ । यिनीहरूविना कृषि उत्पादनमा ह्रास आउने अनि किसानको खेतमा कीरा लाग्ने र रोगले सताउने कुरामा मात्र केही दशकको विषय हुन जान्छ ।

पूर्वी भारतमा ओरिसाको जेपोर ट्रेक्टमा उच्च उत्पादन हुने एचवाइभी भनिने नयाँ प्रजातिसँगै वनमा आएको ह्रासले स्थानीय वानस्पतिको प्रजातिमा नाटकीय ह्रास ल्यायो यो खतरासँग लड्न र खाद्य आपूर्ति सुरक्षित गर्न एमएस स्वामिनाथन अनुसन्धान संस्थालेसँगै काम गर्दै ६ वटा गाउँका आदिवासी समुदायले खेतीका परम्परालाई पुनर्जीवन दिने कार्यक्रम आरम्भ गरे । असल स्तरीय बीउ उत्पादन किसान किसान बीच बीऊ विनिमय प्रणाली सामुदायिक बीऊ सङ्ग्रह केन्द्र र सामुदायिक जैविक विविधताको दर्ताको स्थापनामार्फत प्राकृति स्रोतहरूको संरक्षण गर्दै आम्दानी बढाउन आफूलाई सक्षम बनाउन स्थानीय



कृषकहरू वानस्पतिय स्रोतहरूको सहभागितामूलक व्यवस्थापनमा लागेका छन्

भारतमा कृषि जैविक विविधता :

भारत जंगली तथा रोपिएका दुबै खाले अन्नहरूको विशाल विविधता भएको घर हो । तैपनि भारतमा बढ्दो क्रममा भइरहेको जैविक विविधताको क्षयीकरण ठूलो चिन्ताको विषय भएको छ । यसले दशौ लाख ग्रामीण जनता विशेषत : आदिवासी कृषक समुदायलाई जीविकोपार्जनबाट वञ्चित गर्दछ । हरित क्रान्तिको प्रारम्भले बढी महत्व कृषि उत्पादन पट्टी दिएको छ। जसले गर्दा मात्र केही प्रजातिका धानहरूको प्रवर्द्धन भइरहेको छ ।

यस अनुसार उच्च परिमाणमा रासायनिक मल प्रयोग गरी धेरै उत्पादन दिने प्रजातिहरूलाई छानिन्छ । परिमाणस्वरुप धानका वंशाणुगत आधारहरू गम्भीर ढंगले घटिरहेको छ ।र थुपै परम्परागत बीऊका प्रजातिहरूयदि संरक्षित भएमा कृषिका लागि ठूलो महत्व हुन र खाद्य सुरक्षामा सहयोग पुग्न जानेछ । साथै नयाँ बिरुवा प्रजनन् कार्यक्रमलाई वंशाणुगत आधार खडा गरिदिने छ। वानस्पतिक वंशाणुगत स्रोतहरूकिसान समुदायका लागि खाद्य उत्पादनका लागि मात्र होइन संस्कृति र परम्पराको भूमिका निर्वाह गर्न पनि महत्वपूर्ण हुन्छ । जब जैविक विविधता हराउँछ । मानिसको ज्ञान र सांस्कृतिक पहिचान हराएजस्तै कृषिको वंशाणुगत आधार पनि हराएर जान्छ ।

भारतको कोरापुत जिल्लामा स्थानीय मानिस परम्परागत धानको संरक्षण गर्नुपर्छ भन्ने विषयमा जागरुक छन् । यी परम्परागत प्रकारका धानहरूमा संस्कृतिक महत्व हुनुका अतिरिक्त नयाँ बढी उत्पादन दिने प्रजातिभन्दा धेरै फाइदाहरू छन् । जस्तै

- अति मीठो स्वाद र पौष्टिक महत्व बढी हुने ।
- कीरा तथा रोगसँग लड्न सक्ने ।
- अनावृष्टि तथा बाढीसँग लड्न सक्ने ।
- स्थानीय कृषि अवस्थासँग मिल्ने।
- आर्थिक व्यवहारिकता थोरै रासायनिक तत्व र मल भए पुग्ने ।
- वातावरणीय दिगोपन हुने ।
- परिक्षण र प्रमाणित भएको हुने ।

परम्परागत ज्ञान :

एक जमानामा ओरिसा धानको सबैभन्दा बढी विविध जातिहरू पाइने परम्परगत घर थियो । जहाँ एक हजार सात सय पचास बढी जातका धानहरू पाइन्थ्यो । तर अहिले मात्र लगभगएक सय पचास जातका धानहरू पाइन्छन् । यसको

सबैभन्दा ठूलो समस्या भनेको उच्च उत्पादन दिने वर्णशंकर वा मिश्रित जाति धानको प्रयोग भएको छ। विभिन्न बालीको विशुद्ध बीऊको अप्राप्यता, कृषक परिवारमा पछिल्ला पुस्तामा वंशाणुगत सम्पदाको तथ्याङ्को अभाव र अन्न अभाव वा विस्थापनको समयमा बीउको उपभोग वा विनाश जस कारणले यो क्षेत्र वंशाणुगत स्रोतहरु घट्दै गएको छ।

यो क्षेत्रको आदिवासी कृषि समुदायहरूले विभिन्न परम्परागत प्रणालीहरूको बचाउ र संरक्षणमा ठूलो भूमिका खेलेको छ। यो समुदायलाई कस्तो जग्गामा कुन प्रकारको बाली नाली लगाउनु पर्छ भन्ने पुर्णज्ञान छ। यिनीहरूले गर्ने स्थानीय स्रोतहरूको प्रयोग र खाना खाने बानीले पनि यिनीहरूको वातावरण सम्बन्धि ज्ञानलाई प्रतिबिम्वित गर्दछ।

सहभागितामूलक सामुदायिक कृषि मार्फत ओरिसाको कोरापुत जिल्लाको आदिवासी समुदायहरूले इन-सितु अर्थात खेतमै संरक्षण गर्ने परम्परालाई पुनर्जीवन दिएका छन्। परम्परागत धानको प्रकारलाई पृष्ठपोषण गर्न यी समुदायहरूलाई हौसला दिइएको छ र यहाँ खाद्य सुरक्षा तथा जैविक विविधताको संरक्षणका लागि बीऊ बैंकका स्थापना गरेका छन्।

**जैविक विविधता र गरिबी निवारण :** कोरापुत जिल्लाको आदिवासी समुदायले जंगली प्रजाति र कृषि जैविक विविधताको आफ्नो ज्ञान र अनुभवको प्रयोग गर्दै र परम्परागत धानको प्रणाली र औषधीय वानस्पतिको प्रवर्द्धन गर्दै इन-सितु संरक्षणलाई पुनर्जीवन दिएका छन्। सामुदायिक बीऊ बैंकले समुदायलाई आवश्यक बीऊ प्राप्त गर्न जम्मा गर्न र व्यवस्थित गर्न सक्षम तुल्याउँदै जैविक विविधता र खाद्य सुरक्षालाई सुनिस्चित गरेको छ। त्यस्तै अन्य धेरै महत्वपूर्ण क्रियाकलापले जैविक विविधता संरक्षण गर्न सहयोग पुऱ्याएको छ। भारत सरकारले हालसालै पारित गरेको वानस्पतिक विविधताको संरक्षण तथा कृषकको अधिकार ऐनले जैविक विविधताको संरक्षणमा कृषकहरूको भूमिकालाई मान्यता दिएको छ। उनीहरूको पहिचान तथा मौद्रिक पुरस्कार कानुनी रुपमा नै व्यवस्था भएको छ।

सामुदायिक जैविक विविधता दर्ताको व्यवस्था गरी त्यसमा प्राणी तथा वानस्पतिसम्बन्धि सूचना राख्नाले गाउँलेहरूलाई मानिस जनवार र वानस्पतिको आपसी सहयोग प्रणालीको अन्तक्रियाले अझ राम्ररी बुझ्न समक्ष तुल्याउँछ।यो दर्ताले मानिसलाई लागिरहने रोगहरूको उपचारमा सहयोग पुऱ्याउन औषधीय वानस्पतिकहरूको पहिचान गर्न मद्दत पुऱ्याएको छ।

सहभागितामूलक बिरुवा प्रजनन् कार्यक्रमले भेलियन नामक स्थानीय धानको प्रकारलाई भित्र्याएको छ। जुन दाना र माटोको संरक्षणका लागि राम्रो छ। यसले लगभग प्रतिएकड तेइस क्विन्टल बराबरको उच्च उच्च उत्पादन र उन्नत वासना भएको विशुद्ध स्थानीय धानको बीऊको प्रयाप्तताले यसको माग बढेको छ भने केही किसानहरूलाई परम्परागत मलको प्रयोगबाट गरिने खेती विधि अपानाउन हौसला दिएको छ। यसले एचवाईभी धान उत्पादनमा गरेको परिवारको लागत खर्च पनि कम गरेको छ।

वर्षाको पानी संरक्षणले सामुदायिक मत्स्यपालनलाई प्रोत्साहन मिलेको छ। यसबाट



उत्पादन वा १ सय ७६ वर्ग मिटर बराबर एक क्विन्टल धान उब्जाउ हुन्छ।

छिमेकी गाउँलेहरूले पनि धानको जर्मप्लाज्मको संरक्षण, मुल्याङ्कन र अन्वेषण प्रकृयाको नक्कले गर्न सुरू गरिसकेका छन्। वरिपरिका जिल्लाहरूका धेरै गैर-सरकारी संस्थाहरूले जैविक विविधताको पृष्ठपोषण र संरक्षणका लागि बीऊ तथा अन्न बैंकिङ्ग तथा सामुदायिक औषधीय वानस्पति बगैंचालाई अपनाएका छन्।

औषधीय वानस्पतिको संरक्षणले मानिसलाई यस क्षेत्रमा स्वास्थ्य र वानस्पतिको बजार मूल्य बुझ्न समक्ष बनाएको छ। परिणामस्वरुप केही परिवारले यस्ता औषधीय वानस्पति र अन्य उत्पादन स्थानीय बजारमा बिक्रीगर्न सुरू गरेका छन्। तल दिइएजस्तै धेरै अन्य महत्वपूर्ण त्रियाकलापहरूले गरिबी निवारण गर्न सहयोग पुऱ्याइएको छ।

चाडपर्वको समयमा संगठित ढंगले गरिने प्रदर्शनीहरूलाई तितरिफ मोहुआ र काँडेगुली जस्ता उत्पादन बेची यसबाट राम्रा आय आर्जन भएको छ। प्राप्त आम्दानी सिधै सामुदायिक कोषमा जान्छ। जुन समुदायमा आधारित लघु उद्योग वा व्यवसायहरूमा प्रयोग गरिन्छ। स्वावलम्बी समूहले बागवानी, कुखरा पालन तथा माछाका भूरा उत्पादन जस्ता क्रियाकलापहरू सुरू गरेका छन्। यसबाट प्राप्त सबै फाइदाहरू समूहमा नै जान्छ।

कृषिको प्रारम्भ भएदेखि नै कृषकले बीऊ एक उत्पादन ऋतुदेखि अर्को एक उत्पादन ऋतुसम्म राख्दै आएका छन्। कहिले काहिँ धेरै वर्षाका लगि पनि राखेका छन्। सुख्खा वा अनावृष्टि र वाली विधि कारणले उत्पादन नहुने र गरिबीको कारणले वानस्पति स्रोत ह्रास हुँदै जाने ठाउँहरूमा घरायसी खाद्य सुरक्षाको लागि बीउ सम्मको पहुँच आवश्यकता हुन्छ।

सामुदायिक बीउ बैंकले बीऊ जोगाउन र बिरुवा रोप्न आवश्यक सामग्रीसम्म कृषिको पहुँच पुऱ्याउने महत्वपूर्ण भुमिका खेल्छ। यसले किसानको उत्पादनलाई बजार सुविधा पुऱ्याउँछ। भने बीऊ मेलाले कृषिलाई आफूले उब्जाइरहेको बीउ छान्ने र परिवर्तन गर्ने वा नगर्ने अवसर प्रदान गर्दछ।

बीऊ बैंकमा जर्मप्लाज्मा भण्डार गर्ने कार्य सस्तो हुन्छ । यसले नगन्य स्थानमात्र ओगट्छ । न्युन् वंशाणुगत ह्रासमात्र हुनेगरी यसले सफलतापूर्वक ठूलो परिमाणमा बीऊको संरक्षण गर्दछ । बीउ बैंकले अुसन्सधानका लागि वानस्पतिको राम्रो स्रोतहरू उपलब्ध गराउँछ । प्राकृतिक प्रणालीमा अवरोध वा विनाश नगरी अनुसन्धानकर्तालाई बीऊ बैंकले दुर्लभ र खतराको सूचीमा परेको प्रजाति उपलब्ध गराउँछ ।

**बीऊको छनौट :**

इच्छुक घरपरिवारबाट निश्चित परिमाणमा बीउ छानिन्छ र ग्रामीण महिलाबाट यसको सफाई गरिन्छ । बीऊको बोक्राको रङ्ग, आधार र अन्य भौतिक विशेषताहरूको अध्ययन गरी बीऊ छानिन्छ । अशुद्ध वा अन्य प्रजातिसँग मिसिएको बीउ स्वीकार गरिदैन । परम्परागत बीउ परिक्षण विविधताको प्रयोग गरी केन्द्रीत गाउँ समितिको महिला तथा पुरुष सदस्यहरूद्धारा बीउको गुणस्तर प्रमाणीकरण, सुदृढीकरण सुकाउने र रेखदेख गर्ने कार्य गरिन्छ । सङग्रहित बीउलाई त्यसपछि उचित ढङ्गले जोखी यसको रेकर्ड राखिन्छ ।

**बीउ भण्डारण :**

कोरापुतका आदिवासीहरूको आफ्नै मौलिक प्रकारका बीउ तथा अन्नको भण्डारण गर्ने विधि छ । यसलाई भण्डारण गर्नुअघि सुकेको नीम (Azandirachtr indica) को पात वा करानजा (Pongamia pin nata) को धुलोसँग मिसाइन्छ। जसले बीऊलाई कीरा लाग्नबाट जोगाउँछ । धानको बीऊलाई ढुसी खानिकी भनिने स्थानीय भाँडामा राखिन्छ । लामो परालको डोरीलाई गोलकार आधारमा बाँटेर ढुसी बनाइन्छ । बीउलाई भित्र राखिसकेपछि यसको मुखलाई दह्रो गरी बाँधिन्छ । खानिकी भनेको भाँडा आकारको बाँसको टोकरी हो । जसलाई गोबरले लिपिएको हुन्छ ।

गाइको गोबरलेपनले कीरा भगाउने काम गर्छ । जसमा हावा नछिर्ने हुनाले न्युनतम मात्रामा ओसिलो हुन्छ । र कीराले खान वा ढाक्न सक्दैन यस्तो भण्डारण भाँडा वा टोकरीहरूलाई त्यसपछि सामुदायिक भवनमा राखिन्छ ।

साधारणतया बीउ बैंक भण्डारणका लागि तलका कदमहरू चालिन्छ ।

-संग्रह कार्य
-बीऊको तयारी
-सुकाउने कार्य
-पोका पार्ने कार्य
-भण्डारण कार्य
- कीरा लागे/नलागेको आवधिक जाँच कार्य
-पुनः भण्डारण गर्ने कार्य

**अभिलेख राख्ने कार्य :**

भण्डार गरिएको बीऊको उचित अभिलेखमा तपसीलका कुराहरूपर्छन । बीऊको प्रकार र अवस्थाको पहिचान, नमूना लिइकाको बीऊको स्थान र विशेषताको विवरण संग्रह प्रकृयाको विवरण भण्डारण अवस्था र कति गर्मीमा बाँच्छन् भन्ने जानकारी

**बीऊ, वितरण :**

गाउँको केन्द्रीय समितिले कुन परिवारलाई बीऊ एकदमै आवश्यक छ भनि पहिचान गर्दछ । बीऊ भण्डारको सचिवले कुन परिवारलाई कस्ता र कति बीऊ चाहिएको हो भन्ने जानकारी राख्दछ । यदि किसानले सामुदायिक बीऊ भण्डारका सबै शर्त मानेमा, बीऊ ऋणस्वरुप प्राप्त गर्दछ । न पछि बीऊ फर्काउदा लगभग १.५ गुणा बढी बीऊ भण्डारलाई बुझाउनु पर्छ ।

**भविष्य :**

यो परियोजनाको सकारात्मक प्रभावस्वरुप यसले आदिवासी गाउँलेहरूको एचवाईभी प्रतिको निर्भरता, बाहिरबाट ल्याउने कुरा जस्तै रासायनिक मल कीटनाशक औषधीको माग पनिघटाएको छ । उत्पादनशीलता र किसान किसानबीचको बीऊ साट्ने कार्य पनि समुदायमा बढेर गएका छन् । त्यस्तै अन्य गाउँको निर्भरता बढिरहेको छ । परिणामस्वरुप शुद्ध पारिएको बीऊका प्रकारहरू रोप्नका लागि सबै प्रयोग गर्दछन् । महिलाहरूले आजभोली आधुनिक बीऊ अन्नका नाममालेखाजोखा गर्ने प्रणालीको प्रयोग गरी आफूलाई शोषित हुनबाट बचाएका छन् ।

यस जिल्लाको अन्य गैर-सरकारी संघ-संस्थाहरूले पनि सामुदायिक बीऊ भण्डारको अवधारणालाई अंगालेका छन् । यी कार्य मार्फत बचेको धानको प्रकारहरूको सुरक्षा भएको छ। र यस क्षेत्रको नास हुन लागेको जंगलबाट हटाइनुको सट्टा औषधीय वानस्पतिहरूको अति शोषण हुनबाट रोक्नका लागि सामुदायिक बगैचा लगाएका छन् ।

**शब्दावली :**

जर्मप्लाज्मः यसलाई वानस्पति वा नश्लको समूह हो भनेर सोच्न सकिन्छ । यस समूहमा विभिन्न विशेषता भएको वंशाणुगत समूह रहन्छ व्याड उत्पादनकर्ताले त्यही प्रकारका बीऊ छान्छन् । र आन्तरिक प्रजनन् प्रक्रियाबाट मुल्याङ्कन, बीऊ उत्पादन र बजार व्यवस्थापन किसानलाई उपलब्ध छ । त्यसैले बीउ, विजनबाट हने उत्पादन प्रगती उपयोग जर्मप्लाज्ममा भर पर्दछ । जर्मप्लाज्मको उदाहरणहरूमा व्यापारिक दृष्टिकोणले प्राप्त प्रकारहरू किसानले विकास गरेका प्रकार जसलाई ल्याण्डरस भनिन्छ। प्रजनन् कार्यक्रमबाट प्राप्त सामग्री पर्दछ । र भाइरस व्याक्टेरिया र अन्य सुक्ष्म जीवहरूबाट वंशाणुगत सार्ने प्रविधि साँच्चै लाभकारी भएका छन् ।

**आर्थिक समृद्धि** .......

धेरै जनसङख्या भनेको धेरै सम्भावना हुनु पनि हो । त्यसकारण बाँकी ६० प्रतिशत उपेक्षित जनतामा बैंकिङ्ग पहुँच पुऱ्याउन लागि पर्नुपर्छ । जमाना पहिले पहिलेको जस्तो अहिले अवश्य छैन । फेरिएको छ अवस्था । चीनमा धेरै काम गर्ने जनसङख्या भएकै कारण चीन आज विश्वको एक नम्बर अर्थतन्त्रमा गनिदैछ भन्ने तर्क छ । खाडी मुलुकहरुमा काम गर्ने जनसङख्या थोरै भएपनि नेपाल जस्ता युवाको श्रम सदुपयोग गर्न नसकेका देशहरुबाट आयात गरेरै आर्थिक सम्पन्नता हासिल गरिरहेका छन । त्यसकारण गरिब भएपनि काम गर्न चाहने र मिहिनेतमा रमाउने नेपालीहरु मानव पूँजी हुन । आजको विश्वमा काम गर्न तत्पर मानव संशाधनको सही उपयोग मात्रै गर्न सके मुलुक आर्थिक रुपमा धेरै धनी हुनसक्छ । त्यो काम गर्ने जनसङख्या धेरै भएका भारत, चीन लगायतका मुलुकहरुको उदाहरणले पनि स्पष्ट गरेकै छ । त्यसकारण पूँजीको साँचो लिएर बसेका बैंक तथा वित्त सस्थाहरुले ग्रामीण भेगमा लगानी गर्न तर्त्पर हुनुपर्छ । त्यस्तो भेगमा हुने लगानीको जोखिम पनि ज्यादै न्युन् नै हुने गर्दछ । आत्मनिर्भर र उत्पादनमूखी अर्थतन्त्र निर्माणको लागि पनि ग्रामीण क्षेत्रमूखी कृषिमा लगानी बढाउनु सार्थक हुन्छ । ग्रामीण क्षेत्रमा हुने लगानीले मात्रै उत्पादन बढाउन र आत्मनिर्भर मुलुक बनाउने कुरामा भुमिका खेल्न सक्छ । अनि मात्र राष्ट्रियता बलवान् हुनसक्छ । अन्यथा भारतले नेपालमा खाद्यन्न देखि तमाम कुराको आवश्यकता पूर्ति गर्ने मुलुकले थिचोमिचो गरिरहृयो भनेर भन्नु सुहाउने कुरा हुँदैन ।

# सुकुम्बासीको नाममा हुकुमबासीले पाउनु हुन्न

भरतपुर । राष्ट्रिय भूमि आयोग चितवनका अध्यक्ष बद्री तिमिल्सिनाले चितवनका भूमिहीनको नाममा धनाढ्य व्यक्तिलाई जग्गा धनी पुर्जा दिन नसकिने बताएका छन् ।

आइतबार प्रेस सेन्टर नेपाल भरतपुर महानगर कमिटिले भरतपुरमा आयोजना गरेको पत्रकार भेटघाट तथा अन्तर्क्रिया कार्यक्रममा बोल्दै अध्यक्ष तिमिल्सिनाले जिल्लाको पहाडी क्षेत्रमा बजारका धनाढ्य व्यक्तिहरूले डाँडो भत्काइरहेको भन्दै त्यस्ता जग्गाले कुनै पनि हालतमा पुर्जा नपाउने दाबी गरे। माडी, भरतपुर र कालिका नगरपालिकामा जग्गाको नापजाँच चलिरहेको भन्दै उनले भने, 'सुकुम्बासीको नाममा हुकुम्बासीले रजाइँ गरेको पहाडी क्षेत्रमा धेरै देखेँ। एउटा डाँडो नै किनेर भोगचलन गरेको पनि देखेँ। त्यसतर्फ आयोग सचेत छ ।' स्थानीय तहको वडाबाट विभिन्न कोणबाट मूल्यांकन गरेपछि मात्रै भूमि आयोगसम्म वास्तविक सुकुमबासी हुन् कि हैनन् भन्ने कुरा जानकारीमा आउने हुँदा वास्तविक सुकुम्बासीबाहेकले जग्गाको पुर्जा पाउने कुराको कल्पनासमेत नगर्न उनले आग्रह गरे। 'चितवनमा हालसम्म कम्तीमा तीन धुरदेखि माथि जमिन खनजोत गर्दै आएको देखियो,' उनले भने। छ कट्ठासम्म जमिन भएकाले सरकारी मापदण्डअनुसार जग्गाको पुर्जा पाउने र त्यसभन्दा बढी जग्गा भोगचलन गरेको भए सरकारलाई सामान्य रकम बुझाएर खरिद गर्न सकिने व्यवस्था रहेको उनको भनाइ छ । कतिपय स्थानमा राष्ट्रिय निकुञ्जले आफ्नो जग्गा दाबी गर्दै आएको बताउँदै उनले थपे, 'माडीको बाँदरझुलामा पनि निकुञ्जले आफ्नो क्षेत्रमा जग्गा नापजाँच नगर्नु भनेर पत्र काटेको छ। तर, नेपालको संविधानले नै १० वर्षभन्दा बढी समयसम्म जंगल नभएको ठाउँमा निरन्तर खनजोत गर्दै आएको छ भने त्यस्ता व्यक्तिलाई पुर्जा दिने भन्ने छ ।'

आफू अध्यक्ष रहेकै पालामा सकभर सुकुम्बासीको समस्या समाधान हुने गरी काम गर्ने प्रयास गरिएको उनले बताए। बाँदरझुलाका जनताले सीमा रक्षाको काम गरेको हुँदा त्यसमा निकुञ्जले भाँजो हाल्न नहुने उनको तर्क छ। बाँदरझुलामा बस्ती बसेकै कारण भारतीय सीमाक्षेत्रबाट चोरी तस्करी जस्ता जघन्य अपराधका घटना रोकिएको उनले बताए ।

'मैले सुनेअनुसार चैत ५ गतेदेखि मात्रै निर्वाचन आचारसंहिता लाग्ने हुँदा त्यतिञ्जेलसम्म त काम गर्ने समय छ, त्यसैले सकभर चाँडो गरी काम सकाउने योजनामा छु,' उनले भने, 'यदि मेरो पालामा नसकिए पनि निर्वाचन सकिएपछि आउने अर्को अध्यक्षले चाहेमा पुनः यसलाई निरन्तरता दिन सकिन्छ।' तर आफू अध्यक्ष हुँदैमा पहिलेका अध्यक्षको पालामा जस्तो नहुने उनले बताए। 'सरकार नै परिवर्तन भयो, निर्वाचन आचारसंहिता लागेर काम गर्न पाइएन भने त्यो मेरो दोष होइन' उनले भने, 'नत्र भने मेरो पालामा काम हुँदैन भन्ने नसोच्नुहोला ।'

*हामीले किसानलाई अनुदानमा गाई दिएका छौं उनले भने पशुपालनलाई कृषिसँग जोडेर उत्पादन बढाउने हाम्रो लक्ष्य हो । अन्नबालीमा रासायनिक मलको प्रयोगका कारण प्राणघातक रोगको सिकार हुनु परेको भन्दै अर्गानिक उत्पादन गरेर स्वास्थ्य सुरक्षा गर्ने अर्को उद्देश्य रहेको मेयर वनले बताए ।*

रत्ननगरका किसानलाई गोबर मल खरिदमा ५० प्रतिशत अनुदान

रत्ननगर । चितवनको रत्ननगर नगरपालिकाले किसानहरुलाई गोबर मल खरिदमा ५० प्रतिशत अनुदान दिएको छ । रासायनिक मलको प्रयोग कम गर्दै किसानहरुलाई प्राङ्गारिक खेती तर्फ आर्कषित गराउन सो नगरपालिकाले किसानहरुलाई गोबर मल खरिदमा ५० प्रतिशत अनुदान दिएको हो । त्यसको लागि नगरपालिकाले ५० लाख रुपैया विनियोजन गरेको छ । एक टेलर मलको तीन हजार देखि तीन हजार ५०० रुपैयासम्म खरिद विक्री हुँदै आएको छ ।

सो नगरपालिकाले एक टेलर मल खरिदमा एक हजार ५०० रुपैया उपलब्ध गराउने छ । एक विघा जग्गा क्षेत्रफल हुने किसानले चार टेलरको अनुदान पाउने छन । एक विघा जग्गाको लागि गोबर मल खरिद गर्न किसानले ६ हजार रुपैया अनुदान रकम पाउने मेयर नारायण वनले बताए । नगरपालिकामा सुचिकृत भएका पशुपालन फर्महरुबाट किसानहरुले गोबर मल खरिद गर्नुपर्ने छ।



त्यसका लागि अहिले सम्म १० वटा पशुपालन फर्म सुचिकृत भएका छन् । नगरपालिकामा आयोजित कार्यक्रममा मेयर नारायण वन, उपमेयर विमला दुवाडी र प्रमुख प्रशासकीय अधिकृत शिशिर पौडेलले नगरपालिकाले किसानलाई मल उलपब्ध गराउन पशुपालन फर्मलाई लेखेको पत्र किसानलाई हस्तान्तरण गरेका थिए । सो अबसरमा मेयर वनले रासायनिक मलको प्रयोग घटाउन गोबर मल खरिदमा अनुदान दिएको बताए ।

हामीले किसानलाई अनुदानमा गाई दिएका छौं उनले भने पशुपालनलाई कृषिसँग जोडेर उत्पादन बढाउने हाम्रो लक्ष्य हो । अन्नबालीमा रासायनिक मलको प्रयोगका कारण प्राणघातक रोगको सिकार हुनु परेको भन्दै अर्गानिक उत्पादन गरेर स्वास्थ्य सुरक्षा गर्ने अर्को उद्देश्य रहेको मेयर वनले बताए । कार्यक्रममा उपमेयर विमला दुवाडीले वाली लगाउने बेला हुने मलको हाहाकारबाट किसानलाई मुक्ति दिलाउन गोबर मलमा अनुदान दिएको बताइन् ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत पौडेलले माटोको उर्वराशक्ति संरक्षण गरेर उत्पादन वृद्धि गर्ने योजनाका साथ नगरपालिकाले नयाँ कार्यक्रम सुरु गरेको बताए । कार्यक्रममा आर्थिक विकास समितिका संयोजक गुप्तनाथ भट्टराई, कृषि विकास शाखा प्रमुख प्रविण लामालगायतले मन्तव्य राखेका थिए । कार्यक्रममा वडाध्यक्षहरु शंकर सिंह तामाङ, तिलकराज शर्मा, रविन्द्र चौधरी, बलराम दाहाल, राजन भट्ट, विनोद बस्नेत, केशव आचार्य, विरबहादुर पाखिन, चित्रबहादुर भण्डारी, होमनाथ लामिछाने, हेमराज थापा, कार्यपालिका सदस्य मिना गिरीलगायतको सहभागिता रहेको थियो ।

# भूमिहिनलाई भूमिको मालिक बनाउने : मेयर रेनु दाहाल

चितवन : **भरतपुर ११ मा लालपूर्जा वितरणका लागि नापजाँच शुरु गरेको छन् ।** भरतपुर महानगरकी मेयर रेनु दाहालले भूमिहिनहरुलाई भूमिको मालिक बनाउन सबैभन्दा बढी चिन्ता आफुलाई रहेको बताएकी छिन् । तपाईहरुलाई जति आतुर हुनुहुन्छ, त्यो भन्दाबढी हामी अतुर रहेको बताईन् । दाहालले भनिन्, ‘‘हाम्रै पालामा हामीले नै लालपूर्जा दिन पाउँदा तपाईहरु भन्दा हामी धेरै खुसी छौं ।’’

राष्ट्रिय भुमि आयोग चितवनले लालपूर्जा वितरण प्रक्रियाका लागि भरतपुर महानगरको वडा नम्बर ११ को केबिलाईनमा शुरु गरिएको



नापजाँच कार्यको उद्घाटन गर्दै मेयर रेनुले भूमिहिनिलाई भूमिको मालिक बनाउने पहिलो दायित्व आफ्नो भएको स्पष्ट पारिन् ।

चुनावको बेला, निर्वाचनको समयमा जनतालाई आस्वसन नै आश्वसनमा अलमलिनु पऱ्यो । पीडा यहाँहरु माफ छ तर, अब चुनावको बेला यो गुनासो गर्न नपर्ने गरी काम शुरु भईसकेको छ । पूर्वाधार, बाटाघाटो धेरै बनायौं, बीसौं, तीसौं वर्ष हुन नसकेका काम हामीले गरेका छौं भन्दै मेयर रेनुले यो ४ वर्षको अवधिमा भरतपुरको विकास तीव्र ढंगबाट अगाडि बढेको जानकारी दिईन् ।

अब जनताको मुहारमा खुसीयाली ल्याउने काम पहिलो प्राथामिकता हो, उनले अगाडि भनिन् ‘‘भूमिहिनलाई भूमिको मालिक बनाउने हाम्रो पहिलो दायित्व हो ।’’

उनले प्रतिवद्धता जाहेर गरे अनुसार काम गरेका स्पष्ट पार्दै अब भूमिहिनले लालपूर्जा आफ्नै कार्यकालमा दिएरै छाड्ने बताईन् । यस्तै सोही अवसरमा भूमि आयोग चितवनका अध्यक्ष बद्री तिमिल्सिनाले विगतका आयोगले निवेदन लिने मात्र काम गरेको भन्दै, अब विगतका झन्झटहरुलाई पन्छाउँदै ३५ दिन भित्र सहज रुपमा जग्गाधनी प्रमाणपुर्जा वितरण गरिने दावी गरे ।

तिमिल्सिनाले बोलेर मात्र नभई चितवनभरका सुकुम्वासीहरुलाई लालपुर्जा वितरण गरेरै देखाउने ठोकुवा गरे । उनले भूमिहिन मुक्त अभियान जारी रहेको भन्दै ढुक्क साथ नाँपजाँच अभियानमा सरिक हुन आग्रह गरे ।

कार्यक्रममा भरतपुर वडा नं. ११ का वडा अध्यक्ष बाबुराम अधिकारीले भूमिहिनलाई लालपूर्जा दिने प्रक्रिया शुरु गर्न पाउँदा निकै खुसी लागेको बताए । चितवनको भरतपुर महानगरपालिकामा मात्र १० हजार २९ जना, माडी नगरमा ५ हजार ४ सय ५६ जना, र कालिका नगरमा ५ हजार ५ सय ५९ जना र दलित भूमिहीन, सुकुम्वासी र अव्यवस्थित बसोवास गर्नेले लालपूर्जाको माग गर्दै निवेदन दिएका छन् ।

# सहकारीको सिद्धान्त अनुरप कार्य गर्न मन्त्री श्रेष्ठको आग्रह



**सहकारीको सिद्धान्त, मुल्य र मान्यता अनुरुप काम गर्न मन्त्री श्रेष्ठको सहकारी विभागलाई निर्देशन**

फागुन ५ /भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले सहकारीको सर्वमान्य सिद्धान्त, मुल्य र मान्यता अनुसार सहकारीहरुलाई अगाडी बढाउन कसैको दबाब र प्रभावमा नपरि काम गर्न सहकारी विभागलाई निर्देशन दिनुभएको छ । नयाँबानेश्वर स्थित सहकारी विभागको आज अनुगमन तथा निरिक्षण गर्दै मन्त्री श्रेष्ठले सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि अनुगमनलाई प्रभावकारी बनाउदै जिम्मेवार भएर काम गर्न निर्देशन दिनुभएको हो ।

उहाँले भन्नुभयो “धेरै सहकारीहरुले सिद्धान्त, मुल्य र मान्यताअनुसार काम नगरेको र सदस्यहरु मारमा परेको गुनासो बढ्दै गइरहेको अवस्थामा समयमा नै समस्या पहिचान गर्नुस त्यसको समाधानका लागि मन्त्रालय तयार छ । ”

मन्त्री श्रेष्ठले नियमित रुपमा सञ्चालनमा रहेका सहकारीको वास्तविक तथ्याङ्क लिनु पर्ने, सहकारी एकीकरणमा देखिएको समस्या समाधान गर्नुपर्ने, सहरकारी प्रशिक्षण केन्द्रलाई स्तरोन्नती गर्नुपर्ने र संघीयताको मर्म अनुसार आ-आफ्नो क्षेत्राधिकार भित्र रहेर सहकारी विभाग र प्रशिक्षण केन्द्रले परिणाम निस्कने गरी काम गर्नु पर्नेमा जोड समेत दिनुभयो ।

सो अवसरमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव रामप्रसाद थपलीयाले सहकारी क्षेत्रमा सुशासन कायम गर्न राम्रा काम गर्नेलाई सम्मान र नराम्रो गर्नेलाई दण्डित गर्न आवश्यक रहेको भन्दै त्यसमा विभागले प्रभावकारी भूमिका खेल्नु पर्ने बताउनुभयो ।

सहकारी विभागका रजिष्टार रुद्रप्रसाद पण्डितले सहकारी क्षेत्रमा रहेका समस्या समाधानका लागि आफुले पहल शुरु गर्ने र सहकारीको नियमन, प्रवर्द्धन र प्रशिक्षणलाई जोड दिएर कार्यक्रम ल्याउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

# रुख कटहर लगाउने तरिका



**परिचय :**
रुख कटहर खेती नगण्य रुपमा भइराखेको छ । जो मासु खाँदैन त्यसले बढी तरकारीको रुपमा खाने गरेको देखिन्छ । कलिलो अवस्थामा यसलाई बोक्रा ताछी टुक्रा गरि झोल नराखीकन तेलमा भुटेर खान मीठो हुन्छ । पाकेको फल बाहिरको बोक्रा भन्दा भित्रको भाग फल खाई बिँया भुटेर खान स्वादिलो हुन्छ ।

हावापानी :
यसको खेती समुद्रसतहबाट १२०० मिटरसम्म गर्न सकिन्छ । तुषासो र सुख्खा सहन नसक्ने भएकाले माथि उल्लेख भएको उचाईमा खेती गर्न उपयुक्त हुन्छ ।

माटो : मलिलोपन, कम मलिलोपन भएको पानी जम्न नहुने निकासको अवस्था हुनु पर्ने र पिएच ५.५-७.० सम्म भएको माटो राम्रो हुन्छ ।

विरुवा रोप्ने समय यसको बिरुवा बीउ र गुदीबाट मात्र उत्पादन गरि बिक्री वितरण भईआएको छ । जति हाँगाहरु फैलिएका छन् । ती हाँगाहरुमा इनारचिङ गरेर बिरुवा उत्पादन गर्न सकिन्छ । यसरी तयार भएको बिरुवा एक बोटबाट अर्को बोट १२-१५ मिटर फरक गरि खाल्डो खन्नु पर्छ । पाकेको कम्पोष्ट १५-२० केजी माटोमा मिलाई खाल्डोमा राख्नु पर्छ खाल्डोको मुख्य बीचमा प्लान्टिङ्ग बोर्डको सहायताले यसरी तयार भएको खाल्डोमा रोपेको दिन पानी झारीबाट दिएमा अरु दिन वर्षात हुने भएकाले पानी दिन आवश्यक छैन । यो बिरुवा रोपको बगैँचामा घुसुवा बाली अदुवा, कफी, अलैँची आदि लगाउन सकिन्छ ।

**गुटीबाट बिरुवा तयार गर्ने तरिका :**

१. हाँगामा ३ सेमी सबै बोक्रा झिकेको ।
२. बोक्रा झिकेको हागामा सफा गरेको ।
३. प्लाष्टिकले गोलो बनाएको ।
५. प्लाष्टिकको तलमाथि सुतलीले बाँधेको ।

**रोग र कीरा :**
कलिलो हाँगाहरुमा लाही कीराले आक्रमण गर्ने भएकाले धनवान या फेनफेन विषादी एक लिटर पानीमा २ मिली पानीमा स्प्रे गर्ने ।

प्वाल पार्ने कीरा( Borers)
हाँगामा लाग्ने कीराले नोक्सानी गर्ने भएकाले तार या मट्टीतेलमा कपास डुवाई प्वालमा राख्ने वा कीरा लागेको हाँगामा सिकेचरले काटी बालिदिने या डोम, फेनफेन यी मध्ये कुनै एक विषादि १ लिटर पानीमा २-३ मिलि राखी छर्नाले करा नियन्त्रण हुन्छ ।

**रोग :**
फल कुहिने रोगले केही मात्रामा आक्रमण गर्ने भएकाले फूल फुलिसकेपछि र फल भईसकेपछि पोलिराम एक लिटर पानीमा ४ ग्राम राखी छर्नाले रोग नियन्त्रण हुन्छ ।

# उत्तरदायी हुन मन्त्री श्रेष्ठको आग्रह

काठमाडौं फागुन ८ /भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले जनताको मन जित्ने गरी काम गर्न नापी विभागलाई निर्देशन दिनु भएको छ ।



नापी विभागको अनुगमन तथा निरीक्षण गर्दै मन्त्री श्रेष्ठले नापी विभाग प्रत्यक्ष रुपमा जनतासँग जोडिएको संस्था भएकाले समयानुकुल प्रविधिको प्रयोग, प्रभावकारी र जनमुखी सेवा प्रवाहमा नापी विभागले विशेष ध्यान दिदै जनताले अनुभूति गर्नेगरी काम गर्नु पर्नेमा जोड दिनुभयो ।

मन्त्री श्रेष्ठले २०७२ को विनासकारी भूकम्पका कारणले (सिफ्ट) भएका नियन्त्रण विन्दुहरुलाई प्रतिस्थापन गर्नेगरी आधुनिक प्रविधिको प्रयोग गरेर नियन्त्रण विन्दुहरु स्थापना गरी परिशुद्ध नापनक्सा गर्नको लागि विभागले काम गर्नु पर्ने र त्यसमा आवश्यक सहयोगका लागि मन्त्रालय सदैव तयार रहेको पनि बताउनु भयो ।

राष्ट्रिय भूमि आयोगको काम सरकारको राष्ट्रिय प्राथमिकतामा परेको काम भएकाले त्यस कामलाई प्राथमिकतामा राखेर समयमा नै सम्पन्न गर्न विशेष भूमिका खेल्न समेत मन्त्री श्रेष्ठले नापी विभागलाई आग्रह गर्नुभयो ।

छोटो समयमा कर्मचारीको सरुवा हुने प्रवृतिले सेवा प्रवाहमा समस्या उत्पन्न भइरहेको भन्दै कर्मचारी सरुवालाई चक्रिय प्रणालीमा लैजानु पर्ने र त्यसको सुरुवात गर्न समेत मन्त्री श्रेष्ठले नापी विभागलाई आग्रह गर्नुभयो ।

# चैत्र ९ देखि १२ सम्म ५औं राष्ट्रिय कृषि मेशीनरी प्रदर्शनी

काठमाडौं फागुन १५ "कृषि यान्त्रीकरणमा वृद्धि, व्यवसायिक कृषि विकास र समृद्धि" भन्ने मूल नाराकासाथ नेपाल कृषि यान्त्रीकरण व्यवसायी संघ नामीयाले ५औं राष्ट्रिय प्रदर्शनी यही २०७८ चेत्र ९ देखि १२ सम्म भरतपुर महनगरपालिकामा हुने भएको छ।

बताउँदै प्रदर्शनीलाई किसानको उत्सवको रुपमा मनाउनु पर्ने बताउनु भयो।

प्रधानमन्त्री कृषि आधुनिकीरण इकाई परियोजनाका इन्जिनियर जित जंग रानाले नेपालमा कृषि इन्जिनियरिङ्गको वहसको सपना २०५६ सालबाट बढ्दै गएको बताए। राष्ट्रिय प्रयोग भइरहेको छ। यान्त्रीकरण भनेर मात्र हुँदैन। मेकाइनाइजेशन सस्टेनवल कमजोर छ। संस्थागत उपयोगिता कसरी गर्ने भनेर लागि रहेको छ। सस्टेनबिलिटीबाट फेरि डम्पीङ्ग पार्टमा जाने डर छ।

कृषि प्रविधि पूर्वाधार तथा यान्त्रीकरण निर्देशनालय प्रमुख सन्तोष पौडेलले २०७१ देखि नै कृषि यान्त्रीकरणको शुरुवातको अवस्थामा रहेको व्यवसायलाई विकसित रुपमा परम्परागतबाट आधुनिकता तर्फ अग्रसर बनाउन सकिएको बताए।

साथै पौडेलले कृषि व्यवसाय सरकार प्रविधिको विकासको प्रयोग बढीभन्दा बढी कृषि उद्यमी, अनुसन्धानकर्तासम्म पुऱ्याउन आग्रह गरे।

कृषि व्यवसायीकरण र औद्योगिकीकरण, राष्ट्रको सफलतामा जोडिएको छ। ट्रान्जिशनल फेज भएकोले कृषि यान्त्रीकरण विना कृषि व्यवसाय सम्भव नहुने बताए।

राष्ट्रिय कृषि मेशीनरी संघ(नामिया)का उपाध्यक्ष उमेश महर्जनले विगतको अनुभवलाई सही ढंगले उपयोग गर्न प्रदर्शनी मेलाले सहयोग पुग्ने बताए।

राष्ट्रिय कृषि मेशीनरी संघ(नामिया)का अध्यक्ष खोजराज कटुवालले कृषि यान्त्रीकरणको लहर आएको बताउँदै यान्त्रीकरणको क्षेत्रलाई फराकिलो बनाउँदै लैजानु पर्ने बताए।




उक्त अवसरमा मुक्तिनाथ कृषि कम्पनीको तर्फबाट रोशन मल्लले प्रदर्शनी कार्यक्रमले कृषि व्यवसायमा प्रविधि हस्तान्तरण व्यवसायिक रुपमा कार्यदक्षता अगाडि बढाउने जनाएको छ। सलोन एग्रीकल्चरको प्रमुख कृष्ण श्रेष्ठले आफ्नो कम्पनीले कृषि प्रविधिहरु मल्चिङ्ग प्लास्टिक, सिँचाईको प्रविधि, लगायत प्रविधिको आयत गर्दै आएको बताए। त्यसैगरि आर एण्ड डीका प्रमुख डम्वरकृष्ण खनालले नविल बैंकको सहयोग र सहकार्यमा कृषि क्षेत्रलाई बैंकीङ्ग क्षेत्रबाट पुऱ्याउन सक्ने सहयोगको विषय हुने बताए। खनालले वित्तिय व्यवस्थापन विना कृषि सम्भव नहुने बताउँदै कृषि कर्जा राष्ट्रिय वहसको रुपमा ल्याउन सहयोग पुग्ने पनि बताए।

कृषि मेशीनरी संघको पूर्व अध्यक्ष स्वयम्भु कृष्ण श्रेष्ठले २०६१ सालदेखि कृषि यान्त्रीकरण प्रणालीमा सहभागी भएको बताउँदै ५०/७५ प्रतिशत अनुदानमा आधारित टेण्डरमा काम गर्दा गुणस्तर नहुने बताए।

मेशीनरी संघका संस्थापक अध्यक्ष महेन्द्र कँडेलले किसानको सफलताको कथा ल्याउन यान्त्रीकरणको महत्वपूर्ण योगदान रहेको स्तरको सेमिनारहरु भए। अमेरिका, यूरोपमा पनि कृषि यान्त्रीकरणलाई मुख्य पिलरको रुपमा लिएको बताउँदै। कृषि यान्त्रीकरण विना नेपालको कृषि विकास सम्भव छैन। कस्टम हायरिङ्ग सेन्टर इफिसियन्सीबाट ४० प्रतिशत

## फागुन महिनाको कृषि कर्म

**खेतीपाती :**

-मध्य तथा तल्लो पहाडी क्षेत्रमा सिफारिस गरिए अनुसार उन्नत जातको मकै लगाउने।
-केराको तरबार पाते सकर्स छनौट गरी रोप्ने।
